# प्रभाव दैनिक

National Daily

वर्ष ११ | अंक २९० | काठमाडौं | शुक्रबार, ०२ फागुन २०८१ | Prabhab National Daily | Friday, February 14, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**प्रजातन्त्रको सम्मान गरौं**

- राज्य शक्तिको स्रोत जनता हुन्,
- निर्वाचित प्रतिनिधि शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ हो,
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्,
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ,
- कानुनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो,
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं,
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं,
- सभ्य, सुसंस्कत र समुन्नत राष्ट्र निर्माणमा सबै हातेमालो गरौं,

*"प्रजातन्त्रको सम्मान गरौं, प्रजाताशन्त्रक सस्कधतको सम्बर्द्धन गरौं।"*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


ललिता निवास जग्गा प्रकरण

## नीतिगत निर्णयकर्ता नेपाल-भट्टराईमाथि न्यायिक परीक्षण पूर्ण इजलासमा




■ **जेबी योञ्जन**

**काठमाडौं-** पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईविरुद्ध दायर रिट पूर्ण इजलासमा पेस हुने भएको छ । उनीहरूलाई बालुवाटारस्थित ललिता निवासको जग्गा हिनामिना प्रकरणमा नीतिगत निर्णय गरेको आरोप छ ।

सर्वोच्चका न्यायाधीशहरू तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेको संयुक्त इजलासले बिहीबार पूर्ण इजलासमा सुनुवाइ गर्नेगरी मुद्दा पेस गर्न आदेश दिएको हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यसअघि विशेष अदालतमा मुद्दा दायर गर्ने क्रममा नेपाल र भट्टराईले प्रधानमन्त्री छँदा मन्त्रिपरिषद् बैठकबाट 'नीतिगत निर्णय' भएको र आफ्नो क्षेत्राधिकारभित्र नपर्ने भन्दै प्रतिवादी नै बनाएन । उनीहरूले उन्मुक्ति पाए । तर, तत्कालीन मन्त्री, सचिवसहितका केही नेता र कर्मचारीहरूविरुद्ध मात्रै अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

> निवेदनलाई पूर्ण इजलासमा पठाउने आदेश भएको छ अब आजमात्रै भएको आदेशको प्रति आउला र त्यस आधारमा पूर्ण इजलासमा रिट पठाउने हुन्छ ।
>
> ■ **अच्युत कुइँकेल**
> **प्रवक्ता, सर्वोच्च अदालत**

यसविरुद्ध सर्वोच्चमा नेपाल र भट्टराईलाई विपक्षी बनाउँदै रिट दायर भएको थियो । रिटको सुनुवाइ लामो समय भएकै थिएन । बिहीबार भने न्यायाधीशद्वय श्रेष्ठ र पाण्डेको संयुक्त इजलासले पूर्णइजलसमा रिट पठाउन आदेश दिएको सर्वोच्चका प्रवक्ता अच्युत कुइँकेलले प्रभावलाई बताए ।

'निवेदनलाई पूर्ण इजलासमा पठाउने आदेश भएको छ अब आजमात्रै भएको आदेशको प्रति आउला र त्यस आधारमा पूर्ण इजलासमा रिट पठाउने हुन्छ,' उनले भने ।

उनका अनुसार पूर्ण इजलासमा रिटलाई पठाउने तीनवटा अवस्थामा हुन्छ । पहिलो, दुई न्यायाधीशबीच राय बाझिएमा, विषयवस्तुको गम्भीरता तथा गम्भीर कानुनी व्याख्याको विषय देखेमा वा दुई न्यायाधीशहरूले आपसी सहमतिमै मुद्दालाई पूर्ण इजलासमा पठाउने आदेश दिनसक्छन् । यी तीनमध्ये कुन अवस्थामा नेपाल र भट्टराई प्रतिवादी भएको मुद्दा पूर्ण इजलासमा पठाउने निर्णय भयो भन्ने खुल्न बाँकी रहेको प्रवक्ता कुइँकेलले बताए ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले भने कीर्ते मुद्दा दुवैसँग कागज गराएको थियो । मुद्दाको अभियोजन गर्ने सरकारी वकिल कार्यालयले भने सरकारी साक्षीको रूपमा पेस गर्‍यो ।


क्रमशः पृष्ठ २ मा


अध्यादेशको 'साइड इफेक्ट'

# जसपालाई रिझाउन खोज्दा लोसपा 'फायर'!

- बुधबारमात्र विज्ञप्ति जारी गर्दै भूमिसम्बन्धी अध्यादेशको विरोध जनाएको लोसपाले बिहीबार सरकार छाड्ने चेतावनी दिएको हो
- श्रममन्त्री शरतसिंह भण्डारीलाई जुनसुकै बेला सरकार छाड्न तयार भएर बस्ने लोसपाको निर्देशन
- जसपा र लोसपा भड्किएसँगै नेपाली कांग्रेस र नेकपा एमाले एकीकृत समाजवादीलाई मनाउनतिर



■ **प्रभाव संवाददाता**

**काठमाडौं-** मुलुकको आर्थिक अवस्था सुधार्न भन्दै एकैसाथ छ वटा अध्यादेश ल्याएको सरकार थप अप्ठेरोमा पर्दै गएको छ । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले पुस अन्तिममा ल्याएका अध्यादेश माघ १८ गते प्रतिनिधिसभामा पेस भएको थियो ।

तर स्वीकृतिका लागि आवश्यक मत नपुग्ने भएपछि अध्यादेश अड्किएको छ । प्रतिनिधिसभामा बहुमत भए पनि राष्ट्रियसभामा सत्तारुढ दलसँग बहुमत छैन । अध्यादेश लागू हुनका लागि दुवै सभाबाट स्वीकृत हुनैपर्छ ।

यसका लागि सरकारले जनता समाजवादी पार्टी (जसपा) नेपालबाट साथको अपेक्षा गरेको थियो । राष्ट्रियसभामा तीन सदस्य रहेको जसपाले भूमिसम्बन्धी अध्यादेशमा मत नहाल्ने निर्णय गरेपछि सरकार अप्ठेरोमा परेको हो ।

त्यसो त भूमिसम्बन्धी अध्यादेशको सत्तारुढ दलले नै विरोध सुरू गरेका छन् । दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको ओली नेतृत्वको सरकारले ल्याएको भूमिसम्बन्धी अध्यादेशको कांग्रेस नेता डा. शेखर कोइरालाले विरोध जनाइसकेका छन् ।

यता जसपालाई रिझाउन खोज्दा महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले असन्तुष्टि जनाएको छ । बिहीबार सर्लाही पुगेर लोसपा अध्यक्ष ठाकुरले आफूहरू सरकार छाड्नसमेत तयार रहेको बताएका छन् ।

'केन्द्रीय सरकारलाई नैतिक संकट आएको छ, हामीले भूमिसम्बन्धी अध्यादेशको विरोध गरेका छौं । नदी किनार, जंगल छेउमा आएर कब्जा गर्छन्,' भूमिसम्बन्धी अध्यादेशको विरोध गर्दै ठाकुरले भने । सरकारमा लोसपाबाट शरतसिंह भण्डारी मन्त्री छन् । यदि सरकार छाड्नुपर्ने अवस्था आएमा सरकार छाड्न तयारी अवस्थामा रहन श्रममन्त्री भण्डारीलाई निर्देशन दिइसकेको उनले बताए । 'हामीले सरकार गिराउन खोजेको होइन तर नैतिक संकट त आयो । हामी अहिलेसम्म सरकारमा थियौं तर अध्यादेशमा सरकारको विरोध गरेपछि नैतिक संकट,' ठाकुरले भने, 'हाम्रा मन्त्रीलाई भनिसकेका छौं सरकारबाट बाहिरिनपर्ने हुनसक्छ । उनीहरूलाई नै हटाइदिन पनि सक्छन् ।'

### लोसपाप्रति कांग्रेस-एमाले असन्तुष्ट

सरकारमै रहेका दलले अध्यादेशको विरोध गरेकोमा कांग्रेस र एमाले असन्तुष्ट देखिएका छन् । बुधबारमात्रै लोसपा अध्यक्ष ठाकुरले विज्ञप्ति जारी गर्दै भूमिसम्बन्धी अध्यादेशको विरोध गरेका थिए ।

'सरकारले ल्याउन लागेको भूमिसम्बन्धी अध्यादेशप्रति हाम्रो ध्यानाकर्षण भएको छ,' अध्यक्ष ठाकुरले भनेका थिए, 'यस अध्यादेशको अन्तर्यको अध्ययन गर्दा समग्रमा अत्यन्त गरिब र पिछडिएका डोम, मुसहर, चमार, दुसाध, सन्थाल, गनगाई, राजवंशी, राना थारुलगायतका पूर्णरूपमा कृषिमा आधारित गरिब समुदायलाई यसको उपलब्धिको दायराबाट वञ्चित राखिने तथा यो अध्यादेशले वन फँडानी र अवैध कब्जा गर्ने प्रवृत्तिलाई बढवा दिने हाम्रो ठहर छ ।' अध्यादेश सरकारमा रहेका दलहरूसँगै ल्याएको बताइएको थियो । तर लोसपाले अध्यादेश जनताको हित विपरीत भएको स्पष्ट पार्दै यस्तो अवस्थामा लोसपा नेपालले यस अध्यादेशलाई यथास्थितिमा समर्थन गर्न नसक्ने निर्णय लिएको जनाएको छ ।

> हामीले सरकार गिराउन खोजेको होइन तर नैतिक संकट त आयो । हामी अहिलेसम्म सरकारमा थियौं तर अध्यादेशमा सरकारको विरोध गरेपछि नैतिक संकट । हाम्रा मन्त्रीलाई भनिसकेका छौं सरकारबाट बाहिरिनपर्ने हुनसक्छ । उनीहरूलाई नै हटाइदिन पनि सक्छन् ।
>
> ■ **महन्थ ठाकुर**
> **अध्यक्ष, लोसपा**


क्रमशः पृष्ठ २ मा


**सन्दर्भ: वैदेशिक रोजगार**

## वैदेशिक रोजगारीको ठगी हेर्न विभागले तोक्यो सहायता अधिकृत

■ **प्रभाव संवाददाता**




**काठमाडौं-** वैदेशिक रोजगार विभागले निःशुल्क कानुनी सहायता तथा सहजीकरणका लागि कानुनी सहायता अधिकृतको व्यवस्था गरेको छ । देशभरका जिल्ला प्रशासन कार्यालयबाट सिफारिस हुने वैदेशिक रोजगारसम्बन्धी ठगीका उजुरीमा निःशुल्क सहायता तथा सहजीकरण गर्न 'फोकल पर्सन' तोकेको विभागले सूचनामार्फत जानकारी गराएको छ ।

विभागका अनुसार गत साउन १ गतेदेखि नै यो सेवा प्रदान गर्दै आए पनि यसलाई अझ प्रभावकारी र सहज बनाउन प्रदेशगत हिसाबले अधिकृतहरू छुट्याइएको हो । विभागले हाल तीन जना सहायता अधिकृतलाई विभिन्न प्रदेशको जिम्मा दिएको छ । जसअन्तर्गत रोजी तुल्सिबाख्योले कोशी र बागमती प्रदेशका जिल्ला प्रशासनबाट आएका उजुरीमाथि समन्वय गर्ने छिन् । निशा सुवालले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका समस्याहरू हेर्ने छिन् भने अस्मिता पुरीले मधेस र गण्डकी प्रदेशका जिल्ला प्रशासनबाट आएका समस्या हेर्ने छिन् । सहायता अधिकृतको फोन नम्बर विभागले आफ्नो वेबसाइटमा राखेको छ । विभागका अनुसार समान्यतया प्रत्येक दिन एक जनाले १० देखि १५ वटासम्म यस्ता उजुरीमाथि समन्वय गर्दै आएका छन् । फोकल पर्सनको करार अवधि ६ महिनाको रहेको र त्यसपछि काम हेरेर समय थप्दै जाने विभागले जनाएको छ ।

गत असारसम्म सेफर माइग्रेसन प्रोग्राम (सामी) अन्तर्गत रहेको पिपुल्स फोरमले यस्ता समस्याहरूमा सहायता प्रदान गर्दै आएको थियो । त्यसपछि फोरमको करार अवधि सकिएकाले साउनदेखि विभागले नै सहायता कक्षको स्थापना गरी कानुनी सहायता अधिकृत नियुक्त गरेको जनाएको छ । प्रत्येक जिल्लामा भएका आप्रवासी स्रोत केन्द्रमा ठगीका उजुरीहरू आएपछि तीनका विषयमा कस्तो प्रक्रियाबाट अगाडि बढ्ने भनेर सोधपुछ गर्दा तोकिएका फोकल पर्सनले जानकारी गराउने विभागका निर्देशक तथा सूचना अधिकारी गुरुदत्त सुवेदी बताउँछन् ।

सबै ठाउँका निवेदन, मिलापत्र, जाहेरीहरू लेख्ने जस्ता काम गर्दै आएको सुवेदीको भनाइ छ । 'एक जना व्यक्तिको हकमा एक लाख सम्मको र दुई या दुई भन्दा बढि भएमा तीन लाख सम्मको जाहेरी निःशुल्क लेख्दिरहेका छौं,' सुवेदी भन्छन्, 'जिल्ला प्रशासनबाट आएका उजुरीमात्र नभइ कानुनी सहायतासंग सम्बन्धित विषयमा जोसुकै व्यक्तिले पनि सहायताका लागि सम्पर्क गर्न सक्यो ।' राजधानी बाहिर रहेका व्यक्तिले ठगीविरुद्ध उजुरी गर्दा कुन-कुन निकायमा पुग्ने, कस्ता कागजात तयार पार्नेलगायतका विषयमा परामर्श लिन सक्ने उनको भनाइ छ ।

संघको निर्वाचन विवाद

## दुवै पक्षलाई छलफलमा बोलाउने प्रशासनको तयारी

**काठमाडौं (प्रस)-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको साधारणसभा सार्ने विवादित निर्णयबारे छलफल गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौंले दुवै पक्षलाई बोलाउने भएको छ ।

कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी अशोककुमार भण्डारीले दुवै पक्षसँग छलफल गर्ने, आवश्यक भए संयुक्त छलफल पनि गरेर अघि बढ्ने बताए । 'सकेसम्म शुक्रबार नै नभए आउँदो आइतबार, सोमबारसम्म उहाँहरूसँग छलफल गरिसक्छौं, चुनावको विषयमा के गरिरहनुभएको छ आधिकारिक जानकारी छैन । कार्यसमितिका पदाधिकारीले जे भन्छ त्यही आधिकारिक मान्नुपर्ला ।' उनले संस्थाको विधान अध्ययन गरी सोहीअनुसार निर्णय लिइने बताए ।

आज फागुन २ गतेका लागि तोकिएको निर्वाचन आगामी असार १७ मा सम्पन्न गर्नेगरी सार्ने निर्णय संघको कार्यसमितिले माघ २७ गते निर्णय गरेको थियो । उक्त निर्णय खारेजीको माग गर्दै विभिन्न आठवटा संस्थाले संयुक्त रूपमा प्रशासनसमक्ष निवेदन दिएका थिए । यसै विषयमा छलफल गर्न संघका पदाधिकारी र असन्तुष्ट पक्षलाई बोलाउने तयारी भइरहेको प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले बताए ।

असन्तुष्ट पक्षले तोकिएकै समयमा निर्वाचन गराउन माग गरेको भए पनि प्रशासनबाट कुनै निर्देशन जारी नहुँदा आजका निर्वाचन नहुने निश्चित भएको छ । प्रजिअ तिवारीले चुनाव सार्ने या नसार्ने भन्ने विषयमा कार्यालयबाट कुनै निर्देशन नभएको बताए ।

निर्धारित मितिमै चुनाव गराउन दवाब दिन उनीहरूले व्यवसायीहरूको हस्ताक्षरसमेत संकलन गरेका छन् । उक्त हस्ताक्षर जिल्ला प्रशासन कार्यालयमा बुझाउने बताइएको छ ।

संघको वर्तमान कार्यसमितिले व्यवसायीको इजाजत नवीकरणका लागि बाधक रहेको सय संख्याको समस्याको समाधान, भवन खरिद प्रक्रिया टुंगोमा पुर्‍याउने र वैदेशिक रोजगार ऐन संशोधन,


क्रमशः पृष्ठ २ मा





# मुक्कुम्लुङको मौलिकता संरक्षण गर्न सरोकारवालाको माग

**काठमाडौं (प्रस)–** ताप्लेजुङको धार्मिक, सांस्कृतिकस्थल मुक्कुम्लुङ (पाथीभरा)को मौलिकता संरक्षण गर्न सरोकारवालाले माग गरेका छन् ।

युमा माङ मुक्कुम्लुङ पाथीभरा संरक्षण समन्वय समितिद्वारा बिहीबार यहाँ आयोजित अन्तरक्रियामा त्यस क्षेत्रको भौतिक विकासका नाममा मौलिक, धार्मिक, सांस्कृतिक पहिचान मेटाउन लागिएकामा सरोकारवालाले आपत्ति जनाए । विश्वभरका सनातन धर्मावलम्बीको पवित्र तीर्थस्थल पाथीभरालाई निश्चित भूगोलको मात्र भनी प्रचार गर्न नहुने उनीहरूको भनाइ थियो ।

पुजारी र स्थानीय मन्दिर क्षेत्र व्यवस्थापन समितिलाई चुप लाग्न बाध्य बनाइएको मुक्कुम्लुङ संरक्षण अभियन्ता चन्द्रहाङ किरातले बताए । पाथीभराको प्रसङ्गले देशभरका धार्मिक, सांस्कृतिक सम्पदा बचाउन सशक्त समूहको आवश्यकता देखिएको धार्मिक क्षेत्रका अनुसन्धानकर्ता भीम पाण्डेले बताए ।

छिमेकी मुलुक केदारनाथ कैलाश मानसरोवरमा केबलकार नचलाइएको उल्लेख गर्दै सहभागीले नेपालमा रहेका पूर्वीय दर्शन र सभ्यता नष्ट गर्ने प्रयत्न भइरहेको आरोप लगाए । वाग्मती प्रदेशका पूर्वप्रदेशसभा सदस्य जीवन डङ्गोलले धार्मिक, सांस्कृतिकस्थलमा अतिक्रमण भइरहेको बताए ।

विश्व हिन्दू युवा संघका अध्यक्ष ऋषिकेशजंग शाहले पाथीभरामा केबलकार निर्माण योजना खारेज गर्न आग्रह गरे । हिन्दू जागरण नेपालका अध्यक्ष रामकृष्ण उपाध्यायले पाथीभरालगायत देशभरका धार्मिक, सांस्कृतिकस्थलको संरक्षणका लागि सचेत र जागरुक हुनुपर्नेमा जोड दिए ।

# ‘वाइल्डलाइफ फोटोग्राफर’ चुङ्बाको योगदानबारे चर्चा

■ प्रभाव संवाददाता

**काठमाडौं-** वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले ‘वाइल्डलाइफ फोटोग्राफर’ चुङ्बा शेर्पाको सम्झनामा ‘चुङ्बा शेर्पा हिमचितुवा विशेष अध्ययन कार्यक्रम’ सञ्चालन गर्न पहल गरिने बताएका छन् ।

संरक्षण समूह नेपालले बिहीबार यहाँ आयोजना गरेको शेर्पाको श्रद्धाञ्जलीसभामा वनमन्त्री शाहीले शेर्पाको योगदान संरक्षण क्षेत्रमा अविष्मरणीय रहने बताए । मन्त्री शाहीले भने, ‘अब चुङ्बा शेर्पा नाम सुन्नासाथ हामीलाई नेपालको वन्यजन्तु फोटोग्राफीमा एउटा अद्वितीय पहिचान बनाएको व्यक्तित्वको याद आउँछ । उहाँले दुर्लभ वन्यजन्तुहरूको तस्बिरहरू खिचेर विश्वसामु नेपालको जैविक विविधताको महत्त्व उजागर गर्नुभयो ।’



शेर्पाले खिचेका करिब १०० तस्बिर राष्ट्रिय प्रकृति संरक्षण कोषको अडिटोरियम हलमा राख्ने गरी प्रदर्शनी कक्ष निर्माण गरिएको छ । उक्त प्रदर्शनी कक्षको शेर्पा जीवित छँदै कोषका संरक्षक तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेका थिए ।

बागमती प्रदेशसभा सदस्य याङकीला शेर्पाले राज्यले गर्नुपर्ने काम व्यक्तिले गरिरहेकाले सरकार यस्ता विषयमा गम्भीर हुनुपर्ने बताइन् । ‘उहाँले देशका लागि महत्त्वपूर्ण काम गर्नुभयो । जसले उहाँको परिचय विश्वमा चर्चित व्यक्तिको रूपमा रहेको छ । तर सरकारले चुङ्वालाई चिन्न सकेन,’ उनले भनिन् ।

संरक्षण समूह नेपालका अक्ष्यक्ष गौरव शमशेर जवराले शेर्पाले वन्यजन्तु तथा प्राकृतिक संरक्षणका विषयमा तस्बिरको माध्यमबाट प्रचार गरेर पर्यटन प्रवर्द्धनमा पुऱ्याएको योगदानको प्रशंसा गरे । नेपाल वातावरण पत्रकार समूह (नेफेज)का अध्यक्ष तथा वरिष्ठ फोटो पत्रकार चन्द्रशेखर कार्कीले नेपाली फोटोग्राफी क्षेत्रमा शेर्पाको योगदानको चर्चा गरे ।

संरक्षण समूह नेपालका उपाध्यक्ष किशोर थापाले प्रकृति संरक्षण, जलवायु परिवर्तन न्यूनीकरण राष्ट्रिय सुरक्षासँग सम्बन्धित काम गरिरहेको जानकारी दिए । उनले नेपालमा वन्यजन्तु संरक्षण र दिगो पर्यटन प्रवर्द्धनका शेर्पाको कार्य महान रहेकोसमेत बताए ।

पृष्ठ १ बाट

## जसपालाई रिझाउन...

सत्तारुढ दलले सरकारको कदमको विरोध गर्नु ठीक नभएको कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले बताए । ‘सरकारमा रहेको दलले मन्त्रिपरिषद्को निर्णयको विरोध गर्नु ठीक होइन । विरोध गर्ने भए सरकार छाड्ने हो,’ घिमिरेले भने । लोसपा टाढिने र जसपाले नमान्ने देखिएसँगै सत्तारुढ दलले एकीकृत समाजवादीसँग अध्यादेश पार लगाउने बारेमा छलफल सुरू गरेको घिमिरेले बताए । राष्ट्रिय सभमा एकीकृत समाजवादीबाट ८ सदस्य रहेका छन् ।

नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले सरकारमा बसेर अध्यादेशको विरोध गर्नु ठिक नहुने बताए । ‘सरकारमा बस्ने अनि आफ्नै क्याबिनेटबाट निर्णय गर्ने त्यसपछि गरिएको निर्णय स्वीकार गर्न सकिँदैन भन्नु कुनै पनि हिसाबले मिल्दैन,’ बर्तौलाले भने ।

अध्यक्षसहित ५९ जना सांसद रहेको राष्ट्रियसभामा बहुमतका लागि ३० सांसदको समर्थन चाहिन्छ । हाल राष्ट्रियसभामा अध्यादेशको पक्षमा कांग्रेसका १६, एमालेका १०, मनोनीत दुई र लोसपाका एक गरी २९ सांसद छन् । लोसपाले साथ नदिए सरकारसँग २८ सांसदमात्र हुन्छ । त्यसमा पनि वामदेव गौतम मनोनित हुन् । गौतमले समेत साथ नदिने भन्दै सरकारलाई चेतावनी दिँदै आएका छन् । यदि उनले पनि साथ नदिए सरकारसँग राष्ट्रियस सभामा २७ सांसदमात्र आफ्नो पक्षमा हुन्छ । ३ मत रहेको जसपालाई च्याप्न खोजेपछि लोसपा चिढिएको बताइएको छ ।

चालु हिउँदे अधिवेशनको पहिलो दिन यही १८ माघमा सरकारले सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश-२०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश-२०८१, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ बैठकमा पेस गरेको थियो ।

■■■

## नीतिगत निर्णयकर्ता...

यसरी कीर्तेमा पनि उनीहरू दुवैले उन्मुक्ति पाए । यही आइतबार भने न्यायाधीश विनोद शर्माको इजलासले त्यसरी सरकारी साक्षीको रूपमा पेस गरेर उन्मुक्ति दिने सरकारी वकिल कार्यालयको निर्णयमाथि लिखित जवाफ दिन आदेश दिएको थियो । त्यसपछि नेपाल र भट्टराईलाई विपक्षी बनाउँदै दायर रिट न्यायिक परीक्षणमा गएको हो । दुई पूर्वप्रधानमन्त्रीसँगै पूर्वमुख्यसचिव लीलामणि पौडेलले उन्मुक्ति पाएका थिए । अब भने उनीहरूले ललिता निवास प्रकरणमा त्यसबेलाको भूमिका, आफू संलग्न नभएको र मुद्दा नचल्नुपर्ने लिखित जवाफ पेस गर्नुपर्ने भएको छ ।

रिट निवेदक वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपाने हुन् ।

विपक्षी नेपाल ११ जेठ २०६६ मा प्रधानमन्त्री बनेका थिए । उनले आफ्नो प्रधानमन्त्रीत्वकालमा ललितानिवासको जग्गासम्बन्धी तीनवटा निर्णय गरेका थिए । पहिलोपटक २९ चैत २०६६ मा नेपालको क्याबिनेटबाट बालुवाटारमा विशिष्ट व्यक्तिहरूको निवास विस्तार गर्ने निर्णय भएको थियो ।

३१ वैशाख २०६७ मा नेपाल सरकार (समरजंग कम्पनी) राजकुलो र बाटोको जग्गासमेत मोहीका नाममा दाखिल गर्ने निर्णय भयो । त्यससम्बन्धी प्रस्ताव भूमिसुधार तथा व्यवस्था मन्त्रालयले मन्त्रिपरिषद्मा पेस गरेको थियो । सोही निर्णयका आधारमा धेरै सार्वजनिक, सरकारी र गुठीसमेतका जग्गा हिनामिना भएको पूर्वसचिव शारदाप्रसाद त्रितालको प्रतिवेदनमा उल्लेख छ ।

डा. भट्टराईको मन्त्रिपरिषद्ले भने १८ असोज २०६९ मा नेपाल सरकार (समरजंग कम्पनी) को नामका जग्गाहरू दर्ता सच्याइ पशुपति टिकिन्छा गुठीका नाममा नामसारी दर्ता गर्न स्वीकृति दिने निर्णय गरेको थियो । ९ साउन २०६९ मा भने भूमिसुधार तथा व्यवस्था मन्त्रालयले र १४ असोज २०६९ को मन्त्रिपरिषद्को सामाजिक समितिले पेस गरेको प्रस्तावलाई मन्त्रिपरिषद बैठकले स्वीकृति गरेको हो । भट्टराईकै मन्त्रिपरिषद् बैठकले जग्गा (नाप जाँच) ऐन, २०१९ अनुसार समरजंग कम्पन को नाममा क्षेत्रीय किताब र श्रेस्ता कायम रहेको जग्गा भूलवश समरजंग कम्पनी उल्लेख भएको भन्दै पशुपति टिकिन्छा गुठीका नाममा श्रेस्ता कायम गरी व्यक्ति विशेषका नाममा मोहीयानी हक कायम गर्ने निर्णय गरेको थियो । यी आधारले नीतिगत निर्णय गर्ने भूमिकामा पूर्वप्रधानमन्त्रीहरू नेपाल र भट्टराई देखिएका छन् । तर, नीतिगत निर्णय अनुसन्धानको क्षेत्राधिकारमा नपर्ने भन्दै अख्तियार पन्छियो । सोहीकारण दुई पूर्वप्रधानमन्त्री र तत्कालीन मुख्यसचिव पौडेल जोगिए ।

तत्कालीन मन्त्रीहरू विजयकुमार गच्छदार, डम्बर श्रेष्ठलगायत मुद्दाका विपक्षी थिए । दिप बस्न्यातलगायतका सचिव नै यो प्रकरणमा विपक्षी थिए । भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ पनि विपक्षी थिए । उनीहरूले हिनामिना गरेको भनिएको नेपाली कांग्रेसका नेता सुवर्ण सम्शेरको दरबार क्षेत्र हो । विसं २०२१ मा हदबन्दी लागू गरेपछि सरकारले त्यस क्षेत्रको ठूलो क्षेत्रफल अधिग्रहण गरेको थियो ।

सोही सरकारी जग्गा विभिन्न मितिमा नीतिगत निर्णय गराउँदै अनधिकृतरूपमा व्यक्ति र संस्थाको नाममा कायम गरिएको पाइएको थियो । कृत्रिम मोही खडा गर्ने, गलत लिखत तयार गर्ने, सट्टाभर्ना दिनेजस्ता कार्य गरेर ललिता निवासको सरकारी जग्गा व्यक्तिका नाममा पुऱ्याएको अख्तियारले प्रतिवेदनमा जनाएको थियो ।

अनुसन्धानबाट ललिता निवासको १४३ रोपनीभन्दा बढी जग्गा हिनामिना भएको र ती जग्गाहरू केही संस्था र झन्डै छ दर्जन व्यक्तिको नाममा रहेको खुलेको थियो । यसरी सरकारी जग्गा व्यक्तिको नाममा पुग्नेगरी मन्त्रिपरिषद् बैठकबाट नीतिगत निर्णय गर्ने भने दुई पूर्वप्रधानमन्त्री नेपाल र भट्टराई नै हुन् । तर, उनीहरू जोगिँदै आएका थिए । सर्वोच्चमा मुद्दा नै पऱ्यो । अन्ततः बिहीबार न्यायाधीशद्वय श्रेष्ठ र पाण्डेको इजलासले पूर्ण इजलासमा पठाउन आदेश दिएको हो । यससँगै दुवै न्यायिक परीक्षणको दायरामा पुगेका छन् ।

■■■

## संघको निर्वाचन...

सेवा शुल्क परिमार्जनलगायतका अन्तिम चरणमा रहेका निर्वाचन सार्नुपरेको दाबी गर्दै आएको छ ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसन, एकीकृत वैदेशिक रोजगार व्यवसायी संस्था नेपाल, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति, तराई वैदेशिक रोजगार व्यवसायी समाज, नेपाल वैदेशिक रोजगार तमुधी समाज, नेपाल वैदेशिक रोजगार तामाङ समाज र नेपाल वैदेशिक रोजगार मगर समाजले संघको सो निर्णय खारेजीको माग गर्दै संयुक्त निवेदन दर्ता गरेका छन् । संघको वर्तमान कार्यसमितिले निर्वाचन सार्न गरेको निर्णय संस्थाको विधानविपरीत रहेको निवेदनमा उल्लेख गरिएको छ ।

‘संघको विधानको दफा १५ (क) र १९ (छ) अनुसार कार्यसमितिको पदावधि दुई वर्ष हुने स्पष्ट वैधानिक व्यवस्था हुँदाहुँदै करिब छ महिना कार्यकाल लम्ब्याउने बदनियतले मात्र यो संघको साधारणसभा मिति पटक-पटक पर धकेलिएको स्पष्ट छ,’ जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिएको निवेदनमा भनिएको छ, ‘...संघको साधारणसभा सार्ने निर्णय विधान तथा कानुनसम्मत नभएको कारण गलत मनसायबाट आएको निर्णय त्यस कार्यालयबाट खारेज गरी अगाडि बढिरहेको निर्वाचन प्रक्रियासहितको साधारणसभालाई निरन्तरता प्रदान गरी सम्पन्न गर्नू भनी निर्देशन दिनुहुन अनुरोध छ ।’


**प्रमाणपत्र हराएको सूचना**

मिति २०८१/०९/०२ गते कलंकीदेखि कालिमाटी सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Muskan Chaudhary
रजिस्ट्रेसन.नं.: 791050270460
सिम्बोल नं.: 20504480
कलेज नाम.: Greenland Secondary English Boarding School
ठेगाना: Rajbiraj, Saptari, Nepal
सम्पर्क: 9813297685



**नेपाल सरकार**
**युवा तथा खेलकूद मन्त्रालय**
**फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति**
**धनगढी, कैलाली**

**फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेल ग्राम पूर्वाधार निर्माण आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन उपर सार्वजनिक सुनुवाइको सूचना !**

*प्रकाशित मिति : २०८१/११/०२ गते*

सुदुरपश्चिम प्रदेश, कैलाली जिल्ला, धनगढी उपमहानगरपालिका-३ मा फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेल ग्राम पूर्वाधार निर्माण विकास समितिद्वारा निम्न वमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेल ग्राम पूर्वाधार निर्माण विकास समिति, धनगढी, कैलाली<br>फोन नं.०९१-५९०६१५<br>इमेल : ficgdc2079@gmail.com |
| **प्रस्तावको व्यहोरा** | ५०,००० जना क्षमताको सुविधा सम्पन्न अन्तराष्ट्रियस्तरको क्रिकेट मैदान तथा खेल ग्राम निर्माण एवम् सञ्चालन गर्न लागिएको छ । |
| **प्रभाव पार्ने जिल्ला नगरपालिका** | सुदूरपश्चिम प्रदेश, कैलाली जिल्ला, धनगढी उपमहानगरपालिका-३ र कञ्चनपुर जिल्लाको कृष्णपुर नगरपालिका-९ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कनको मस्यौदा प्रतिवेदन तयार गरिएको र वातावरण संरक्षण नियमावली, २०७७ परिच्छेद २ को नियम (६) बमोजिम सार्वजनिक सुनुवाइ गर्नुपर्ने प्रावधान अनुरूप निम्न लिखित मिति, समय तथा स्थानमा सार्वजनिक सुनुवाइ कार्यक्रम राखिएको व्यहोरा अनुरोध गर्दै सबै इच्छुक महानुभावहरूलाई उक्त सार्वजनिक सुनुवाइ कार्यक्रममा उपस्थिति भई आफ्नो राय सुझाव लिखित तथा मौखिक रूपमा दिनु हुनको लागि सबैमा हार्दिक अनुरोध गरिन्छ ।

| **सार्वजनिक सुनुवाई कार्यक्रम** |
|---|
| मिति : २०८१/११/०९<br>स्थान : उद्योग बाणिज्य संघ धनगढी कैलालीको सभाहाल (सु.प.प्रदेश सामाजिक विकास मन्त्रालय संगै जोडिएको)<br>समय : विहान ११ : ०० बजे |

**राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगाना**

| **प्रस्तावक नाम र ठेगाना** | **परामर्शदाताको नाम र ठेगाना** |
|---|---|
| फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेल ग्राम पूर्वाधार निमाण विकास समिति, धनगढी, कैलाली<br>फोन न.०९१-५९०६१५<br>इमेल : ficgdc2079@gmail.com | ग्रिड-मास- श्रेष्ठ जे.भी., बानेश्वर, काठमाडौं, फोन नं.९८५११७७४६५<br>E-mail : gridconsult.consult@gmail.com, maasconsult12345@gmail.com |



**Sudurpashchim Provincial Government**
**Ministry of Physical Infrastructure Development**
**Water supply and Sanitation Division Office, Dadeldhura**

**Invitation for Bid ( IFB )**

***First date of publication: Falgun 02, 2081 (February 14, 2025)***

1. The Water Supply and Sanitation Division Office, Dadeldhura invites electronic open competitive bidding from eligible bidders for the procurement of GI, Seamless Pipe and Tools under National Competitive Bidding (NCB)-Single stage single Envelope Procedures.

| S. N. | Contract Identification No. | Description | Delivery Point | Estimated Amount ( Exclusive of VAT) NRs. | Price of Bid Document | Bid Validity Period Total | Bid Security/ Bid Bond |
|---|---|---|---|---|---|---|---|
| 1 | WSSDO/ DADELDHURA/ NCB/GOODS/ 09/081-82 | Supply and Delivery of GI, Seamless Pipes and Tools for Different Water Supply Project of Dadeldhura District | WSSDO Dadeldhura Store | **5226790.9** | NRS. 3000.00 | 90+30=120 days | **1,40,000.00** |

2. Information to deposit the cost of bidding document and bid security in the bank

| **OfficeName** | **Water Supply and Sanitation Division Office, Dadeldhura** | | **Pre-Bid Meeting** | **Last Date of Bid Submission** | **Date of Bid Opening** |
|---|---|---|---|---|---|
| Name of Bank | Rastriya Banijya Bank Ltd, Dadeldhura | | Not Applicable | March 16, **2025** 12:00Hours | March 16, **2025** 13:00Hours |
| Revenue AccountNo. | 1000100200010000 | | | | |
| Revenue CodeNo. | 14229 | | | | |
| Deposit Account No. | 4020100202030000 | Province Treasury Controller Office, Dadeldhura | | | |
| Office Code No. | 3370575017 | Water Supply and Sanitation Division Office, Dadeldhura | | | |

3. Bidder can only apply bid electronically through e-procurement section of PPMO's *Website:www.bolpatra.gov.np/egp*

4. Eligible bidders may obtain further information from Water supply and Sanitation Division Office, Dadeldhura (Tel:096-410150 *email:wss.dadeldhura@gmail.com*) during office hour or may visit PPMO *web portal www.bolpatra.gov.np/egp.*

**Division Chief**



**संस्थापक शेयर बिक्रि सम्बन्धी ७ दिने सूचना !**

**सूचना प्रकाशित मितिः २०८१/११/०२**

नेपाल राष्ट्र बैंकबाट “ख“ वर्गको इजाजतपत्र प्राप्त यस नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको १०० कित्ता संस्थापक शेयरहरू बिक्रिका लागि मिति २०८१/०९/२४ गते ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो अवधिमा कुनै विद्यमान संस्थापक शेयरधनीबाट शेयर खरिदका लागि आवेदन नपरेको हुँदा नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनको अधिनमा रहि बाह्य खरिदकर्तालाई शेयर खरिदको लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक बाह्य खरिदकर्ताले यो सूचना प्रकाशित भएको ७ दिनभित्र नियमानुसार खरिद गर्न नेपाल राष्ट्र बैंकले संस्थापक हुन तोकेको सम्पूर्ण प्रकृया पुरा भएको अनुसुची ३, नागरिकताको प्रतिलिपि, आयस्रोत खुल्ने कागजात, कर चुक्ताको प्रमाणपत्र, कर्जा सूचना केन्द्रबाट कालो सूचीमा नरहेको विवरण लगायतका कागजातहरु समेत संलग्न राखी शिलवन्दी गरी बैंकको केन्द्रिय कार्यालय, भरतपुर महानगरपालिका वडा नं.- १०, वाईपास रोड, चितवनमा आफूले खरिद गर्ने शेयर कित्ताको व्यहोरा खुलाई आवेदन बुझाउन हुन अनुरोध गरिन्छ ।

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
“नेपाल राष्ट्र बैंकबाट ‘ख’ वर्गको इजाजतप्राप्त संस्था”

Bharatpur-10, Chitwan, Nepal
Tel.: +977-56-590011/590012/590013
www.ndbl.com.np, info@ndbl.com.np

# बबरमहलमा फुटेको खानेपानीको पाइप मर्मत गरियो



**काठमाडौं (प्रस)-** नेपाल विद्युत् प्राधिकरणले विद्युत्का तार भूमिगत गर्न 'होरिजोन्टल ड्रिलिङ' गर्ने क्रममा बुधबार बबरमहलस्थित खानेपानीको थोक वितरण प्रणालीको फुटेको पाइप मर्मत गरिएको छ।

खानेपानीमन्त्री प्रदीप यादवको निर्देशनपछि काठमाडौंमा वितरण गरिने थोक प्रणालीको उक्त पाइप करिब २० घण्टापछि मर्मत सम्पन्न भएको काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का प्रमुख कार्यकारी निर्देशक अशोककुमार पौडेलले जानकारी दिए।

उनले भने, 'पाइप फुटेपछि खानेपानीमन्त्रीको निर्देशनपश्चात् बुधबार रातिदेखि मर्मतको सुरु गरिएको हो। करिब २० घण्टापछि मर्मत सकिएको छ। अहिले पानी परीक्षण गर्न थालिएकाले परीक्षण सम्पन्न हुनासाथ पानी वितरण प्रक्रिया सुरु गर्नेछौं।'

विद्युत् प्राधिकरणले मन्त्रालय तथा मातहतका निकायसँग आवश्यक समन्वय गरी काम गर्नुपर्नेमा मन्त्री यादवले जोड दिँदै आएका छन्। बुधबार बबरमहलस्थित खानेपानीको थोक वितरण प्रणालीको पाइप फुटेपछि सो क्षेत्र जलमग्न भएको थियो भने विशेष अदालतसहित आसपासका सरकारी कार्यालयमा पानी पसेको थियो।

# शंखरापुर दुर्घटनामा घाइते २७ जना 'डिस्चार्ज'

**काठमाडौं (प्रस)-** काठमाडौंको शंखरापुरमा बुधबार भएको बस दुर्घटनामा परी घाइते भएकामध्ये बिहीबार २७ जना डिस्चार्ज भएका छन्। दुर्घटनामा घाइते भएका ४३ मध्ये बुधबार २७ जना उपचारपछि घर फर्किएका हुन्।

बुधबार विद्यार्थी बोकेर वनभोजबाट फर्कंदै गरेको बा २ ख ७९५८ नम्बरको बस शंखरापुर नगरपालिका-५ कात्तिकेस्थित सडकमा दुर्घटना भएको थियो। दुर्घटनामा तीन जनाको मृत्यु भएको थियो भने ४३ जना घाइते भएका थिए।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक अपीलराज बोहराले २७ जना बुधबार उपचारपछि घर फर्किएको बताए। उनका अनुसार नगरकोटमा वनभोज खाएर आउने क्रममा सत्यसाई एकेडेमीका विद्यार्थी चढेको बस दुर्घटनामा परेको हो। बस चालकलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको पनि उनले बताए।

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/११/०२**

यस कम्पनीको मिति २०८१/०६/३० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **कोल्याबोरेटिभ ह्युमन एक्सन फर नेक्स्ट जेनेरेसन प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **इनोभेसन नेक्स्ट प्रा.लि**. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०७/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **इनोभेसन नेक्स्ट प्रा.लि.** (प्रा.लि.नं.१६०८६३) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मिति २०८१/११/०२ गते**

**बिटल रेष्ट्रो एण्ड बार**को मिति २०८१/१०/०२ मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय वमोजिम साविक कम्पनी **(सेकुवा ग्रीन प्रा.लि.)** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बिटल रेष्ट्रो एण्ड बार (प्रा.लि. नं. १७८५०७)** कायम गरी मिति २०८१/१०/०४ को कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकाले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## पुथाउत्तर गङ्गा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८१/११/०२)**

पुथा उत्तरगङ्गा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८१/०९/२४ गते विद्युतीय बोलपत्र खरिद प्रणाली मार्फत देहाय बमोजिमको निर्माण कार्य खरिदका लागि सिलबन्दी बोलपत्र आव्हानको सूचना बमोजिम तोकिएको म्याद भित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु खोली मूल्यांकनका लागि बोलपत्र मूल्याकंन समितिमा पेश भएकोमा बोलपत्र मूल्यांकन समितिको मिति २०८१/१०/३० गतेको निर्णयानुसार तपशिल बमोजिमको बोलपत्रदाताको कूल कबोल अंक न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राहि देखिई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनीक खरिद ऐन, २०६३ को दफा २७ को उप-दफा (२) बमोजिम सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| ठेक्का नं. | कामको विवरण | ठेक्का स्वीकृत भएको फर्मको नाम र ठेगाना | कूल कबोल अंक (मू.अ.कर र PS सहित) | कैफियत |
|---|---|---|---|---|
| EGP/PURMO/NCB/WORKS/Road/81/82-02-01 | Road Construction and Improvement of Gara-Ranma, PuthaUttarganga Rural Municipality Ward no.3 | श्री गेमी तकसेरा बिल्डर्स, तकसेरा-१०, रुकुम (पूर्वी भाग) | रु. २८,७७,३५५ (अक्षरेपीः अठ्ठाईस लाख सतत्तर हजार तीन सय पचपन्न रुपैयाँ मात्र) | १४.५४% घटि |
| EGP/PURMO/NCB/WORKS/tatopani/81/82-03 | Dimurgahira Hot Spring (Tatopani) Conservation and Tourism Development Program at PuthaUttarganga | श्री गेमी तकसेरा बिल्डर्स, तकसेरा-१०, रुकुम (पूर्वी भाग) | रु.८०,४८,९८९.७२ (अक्षरेपीः अस्सी लाख अठचालीस हजार नौ सय उनान्नब्बे रुपैयाँ, र बहत्तर पैसा मात्र) | ७.१४ % घटि |

**प्रमुख प्रशासकीय अधिकृत**

## कम्पनी खारेजीको लागि साधारण सभामा भाग लिन आउने सम्वन्धी सूचना

साविक दुनै-०५, डोल्पा बस्ने तपाईं दिपेन्द्र बहादुर शाही समेत दुई जनाको नाममा का.जि.का.म.न.पा. साविक वडा नं-२९ रजिष्टर्ड कार्यालय राखी मिति २०६९।०२।२८ मा प्रा.लि.नं ८८५११३।०६८/६९ मा ओमेगा इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि. दर्ता भएको र दर्ता पश्चात कुनैपनि काम कारोवार नभएको हुँदा, आर्थिक अध्यादेश २०८१ दिएको सुविधा अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ (क) मा भएको विशेष व्यवस्था अनुसार कम्पनी खारेजी गर्नुपर्ने भएकोले, तपाइसंग, अन्य माध्यमवाट सम्पर्क हुन नसकेकोले, कम्पनी खारेजी गर्नको लागि मिति २०८१।११।१७ गतेको दिन वार्षिक साधारण सभाको बैंक कम्पनीको रका रहेको ठेगानामा राखिएकोले, यसै सूचनालाई आधार मानी उक्त बैठकमा उपस्थित हुँनु होला, उपस्थित नभएमा यसै सूचना बमोजिक साधारण सभा बसी कम्पनी खारेजीको निर्णय गरिने छ भनि कम्पनी ऐन २०६३ को दफा १५ दफा १ बमोजिम हुने गरी यो १५ दिने सूचना प्रकाशित गएको छ ।

## काठ शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**चौथो पटक प्रकाशित मितिः २०८१/११/०२ गते**

यस श्री नमुना सा.व.उ.स माई न.पा. २ र ४ इलामको वनवाट उत्पादन भई समूहको घाटगद्दिमा लट बनाई राखिएका काठहरू डि.व.का इलामको च.नं. ६९३२ मिति २०८०/१०/२३ गते र च.नं. ८४६१ मिति २०८०/१२/०५ गतेको लिलाम सहमति अनुसार साल गोलिया थान १०१ को १२०१.६४ क्यू फिट र अन्य जात गोलिया थान ३५ को ४५२.८३ क्यू.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धि कार्य गर्ने इच्छुक व्यक्ति संघसंस्था, फर्म वा कम्पनिले यो सूचना चौथो पटक प्रकाशित भएको मितिले ७ दिन भित्रमा शिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारीको लागि यस सा.व.उ.स को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स को कार्यालय तथा जिल्ला स्थित विभिन्न कार्यालयहरूको सूचना पाटीमा टाँस गरिएको छ ।

**– श्री नमुना सा.व.उ.स. माई न.पा २ र ४ इलाम**

## कम्पनीको नाम परिवर्तन भएको सार्वजनिक सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता मिति २०७५।०९।१२ मा दर्ता नं. १८२२३२/०७४/०७५ मा दर्ता भै संचालनमा रहेको स्टेप अन हिमालया प्रा.लि.कम्पनीको मिति २०८०।१०।०९ मा बसेको बार्षिक साधारण सभाको निर्णय बमोजीम कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनी रेक्रिएसन होलिडेज प्रा.लि. ले सकार्ने बेहार्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०८०।१०।१२ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गर्ने स्वीकृति तथा अभिलेख प्रदान गरेको हुँदा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०

### हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८१/११/०२

यस बैंकका निक्षेपकर्ता श्री अजित धुनियाको बुहारी श्री मोहम्मद हकिम धुनियाको श्रीमती कपिलबस्तु जिल्ला, शिबराज नगरपालिका बडा नं. ३, कटुवा घर भई हाल कपिलबस्तु जिल्ला, शिबराज नगरपालिका बडा नं. ३ बस्ने बर्ष ३६ को श्रीमती रेश्मा खातुन धुनिया (ना.प्र.नं. ३८२०६५/३२५३५ जारी मिति २०७३/०६/१०, जारी जिल्ला कपिलबस्तु) को मिति २०८१/०९/२५ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको एकाघरको श्रीमान मोहम्मद हकिम धुनियाले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निबेदन दिनु भएको हुंदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका श्रीमान मोहम्मद हकिम धुनिया को हक कायम हुने हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कतारमा रोजगार

कम्पनी : XTEND HUMAN RESOURCES LLC

पूर्व स्वीकृति मिति : २०८१/११/०१ | LT. No. 318895 | चलानी नं. ६०२३२९९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COOKER/COOK | 5 | 0 | 1500 | ५७,१९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ground Steward (Female) | 0 | 10 | 1400 | ५३,३८५ | | | | | | | |
| 3 | Service Crew/ Waiters | 0 | 10 | 1400 | ५३,३८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ९ गते (21th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६६९/०८०/०८१

**ASLIYA MANPOWER SUPPLY PVT. LTD.**
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456

## साउदीमा रोजगार

कम्पनी : Al Wafa Label Factory Industrial Company

पूर्व स्वीकृति मिति : २०८१/१०/३० | LT. No. 318811 | चलानी नं. ६०२३२९५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 1 | 0 | 1500 | ५५,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Branch of Sinopec Tenth Construction Company Limited

पूर्व स्वीकृति मिति : २०८१/०८/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०१ | LT. No. 313867 | चलानी नं. ६०२२८२०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1200 | ४४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ९ गते (21st Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## युएइमा रोजगार

कम्पनी : Mkp Velan Electromechanical Contracting Co. L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/३० | LT. No. 318588 | चलानी नं. ६०२३२९०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४५,२८५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason (Brick, Tile Fixer, Block) | 2 | 0 | 1200 | ४५,२८५ | | | | | | | |
| 3 | Plumber | 2 | 0 | 1200 | ४५,२८५ | | | | | | | |
| 4 | Steal Fixer | 2 | 0 | 1200 | ४५,२८५ | | | | | | | |
| 5 | Tile Layer | 2 | 0 | 1200 | ४५,२८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ९ गते (21st Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np

## साउदीमा रोजगार

कम्पनी : AL-MUTAWA SAMYONG NDT CO.LTD. | शेवा शुल्कः नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/१०/३० | LT. No. 318776 | चलानी नं. ६०२३२९७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 10 | 0 | 1500 | ५५,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RABOO AL-JAZIRAH FACTORY COMPANY., | शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८१/१०/३० | LT. No. 318775 | चलानी नं. ६०२३२९७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1150 | ४२,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ९ गते (21st Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com

## Government of Nepal
## Ministry of Physical Infrastructure and Transport
## Department of Roads
## Shahidmarga Road Project, Rolpa

# Invitation for Bids

**Invitation for Bids No: 11/SMRP/2081/82**
**Date of publication: 2081/11/02**

1. **The Government of Nepal [GoN] has allocated funds** towards the cost of **Shahidmarga Road Project, Rolpa** and intends to apply part of the funds to cover eligible payments under the Contract for **Upgrading of Ghartigaun-Duikholi Section (Ch: 95+000 to 102+800) of Shahidmarga Road, Rolpa to Blacktopped Standard (Contract No.: SMRP/337011134/GD-11/2081/82).** Bidding is open to all eligible as per Section V of bidding document.

2. Shahidmarga Road Project, Rolpa invites sealed bids or electronic bids from eligible bidders under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
Only eligible bidders with the following key qualifications should participate in this bidding:

| SN | Work Description/ Contract Identification No | Minimum Average Annual Construction Turnover, NPR | Specific Experience Requirements | Bid Capacity, NPR | Bid Security Amount, NPR | Bid Document Fee, NPR |
|---|---|---|---|---|---|---|
| 1 | Upgrading of Ghartigaun-Duikholi Section (Ch: 95+000 to 102+800) of Shahidmarga Road, Rolpa to Blacktopped Standard. (Contract No.: SMRP/337011134/GD-11/2081/82) | 158.10 millions | As stated in Section III; EQC of Bid Document | 316.10 millions | 11.26 millions | 20000 |

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.

4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Shahidmarga Road Project, Rolpa** or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp*** . The information about Pre-bid meeting, deadlines of submission and opening of bids scheduled to be held at Shahidmarga Road Project Office, Rolpa are as follows:

| Pre-Bid Meeting Date | Last Date and Time of Submission of e-bids | Date and Time of Bid opening | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|
| 4 March, 2025 (2081-11-20) 13:00 Hrs. | 16 March, 2025 (2081-12-03) 12:00 Hrs. | 16 March, 2025 (2081-12-03) 13:00 Hrs. | 120 days Counting from the Day of Bid Opening. | Minimum 30 Days beyond Bid Validity period. |

5. Bidder must submit their bid electronically or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below:

| Information to deposit the cost of Bidding Documents in Bank | Information for the Cash Deposit the Bid Security Amount |
|---|---|
| Name of Bank: Nepal Bank Limited, Rolpa Branch | Name of Bank: Nepal Bank Limited, Rolpa Branch |
| Name of Office: Shahidmarga Road Project, Liwang, Rolpa | Name of Office: Shahidmarga Road Project, Liwang, Rolpa |
| Office Code no.: 337015401 | Office Code no.: 337015401 |
| Office Account no.: 00101000000001001001 | Office Account no.: 07601000002003000001 (Ko.Le.Ni.Ka.) |
| Rajaswa (revenue) Shirshak no.: 14229 | |

**Project Manager**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# शासन सुधार

दलहरूको चुनावी घोषणापत्र पल्टाउने हो भने सुशासनलाई पहिलो प्राथमिकता दिएको भेटिन्छ । भ्रष्टाचार, अनियमितता, दण्डहीनताका कारण आजित जनताको मत जित्न हरेक दलले बोल्ड बनाउँदै ठूलाठूला अक्षरमा सुशासनलाई जोड दिने दाबी चुनावअघि गरेका थिए ।

पछिल्लो चुनाव भएको दुई वर्ष पूरा भएको छ । यही चुनावबाट जितेका जनप्रतिनिधिले बनाएको सरकारले के कस्तो काम गरिरहेको छ त ? यसको रिजल्ट भर्खरै प्रकाशन भएको छ । सरकारले सुशासनमा १०० मा ३४ नम्बर पाएसँगै चुनावी घोषणापत्रको मापदण्ड हेर्दा पूर्णरूपमा सरकार फेल भएको छ । ट्रान्सपरेन्सी इन्टर नेसनलले मंगलबार जारी गरेको तथ्यांकमा नेपालले ३४ नम्बर पाएको हो । ५० भन्दा कम अंक पाउने मुलुकलाई ट्रान्सपरेन्सी इन्टरनेसनलले अति भ्रष्टाचार हुने देशको सूचीमा समेट्दै आएको छ ।

अहिले सरकारमा सबैभन्दा ठूला दुई दल नेपाली कांग्रेस र नेकपा एमाले छ । एमाले प्रतिपक्षमा हुँदा वा कांग्रेस प्रतिपक्षमा हुँदा भ्रष्टाचारको विषयमा पोलापोल हुन्थ्यो र केही न केही विषयमा अनुसन्धान चलिहाल्थ्यो । तर दुई ठूला पार्टी सत्तामा आएसँगै ठूलाठूला काण्डको अनुसन्धानको फाइल बन्द भएका छन् ।

गिरिबन्धु टी स्टेट, ललिता निवास प्रकरण, बाँसबारी प्रकरण, बालमन्दिरको जग्गा प्रकरणमा अख्तियार मौनता साँधेर बसेको छ । यसैगरी ५० करोडभन्दा बढी भ्रष्टाचार भएको ठहर गरिएको टेरामक्स प्रकरण पनि अहिले गुपचुप छ । यता विनाप्रतिस्पर्धा २८ लाख पासपोर्ट छपाइ काण्डमा मुछिएका कांग्रेस नेता एनपी साउदमाथि पनि कुनै मुद्दा अघि बढाइएको छैन । साउद मन्त्री भएको बेला फ्रान्सको आइमिडिया कम्पनीलाई विनाप्रतिस्पर्धा २८ लाख पासपोर्ट छाप्न जिम्मा दिएको थियो ।

यी सबै प्रकरणमा नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरू संलग्न छन् । बरु अध्यादेशमा कतैबाट साथ नदिने अवस्था आएपछि सत्तारुढ दलले एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालमाथि ललिता निवास प्रकरणमा अनुसन्धान अघि बढाउने तयारी गरेको छ । सुशासनमा काखा र पाखा गर्दा सुशासनमा सरकारको नम्बर गिर्दो छ । देशको आर्थिक अवस्था कमजोर हुँदै आएको छ । यस्तो अवस्थामा विभिन्न दातृ निकायको सहयोग अझ घट्ने अवस्थामा पुगेको छ । विदेशी मुद्रा सञ्चितिमा धाक देखाउँदै आएको सरकारलाई पछिल्लो ट्रम्प प्रशासनको नीतिले पनि धक्का दिने देखिन्छ । यसैले सबैभन्दा पहिले आफू बलियो हुन शासनमै सुधार ल्याऊ ।

## श्रम सरोकार

### स्वास्थ्य परीक्षण किन आवश्यक पर्छ ?

- स्वदेशमा स्वास्थ्य परीक्षण गर्नु भनेको आफू विदेशमा काम गर्न शारीरिकरूपमा सक्षम छु वा छैन भनी जाँच गरी रिपोर्ट निकाल्ने प्रक्रिया हो । यसले गर्दा विदेशमा हुने मेडिकल परीक्षणमा समस्या हुँदैन । स्वदेशमा स्वास्थ्य परीक्षण गर्दा फेल हुँदा-हुँदै पनि गलत रिपोर्ट बनाएर विदेश जाँदा त्यहाँ हुने परीक्षणमा फेल भइन्छ र स्वदेश फर्कनुपर्ने हुन्छ ।
- आफू स्वस्थ छु भन्ने मेडिकल रिपोर्ट पेस गरेपछि मात्र विदेशबाट भिसा आउँछ । साथै, नेपाल सरकारले पनि श्रम स्वीकृति प्रदान गर्ने हुँदा कानुनी तवरबाट विदेश जान पाइन्छ ।
- विदेशी कम्पनीहरूले निरोगी व्यक्तिहरूलाई मात्र काममा लगाउने हुँदा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सूचीकृत संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराई होलोग्राम टाँसेको मेडिकल रिपोर्टको कार्ड लिनुपर्दछ ।
- होलोग्राम टाँसेको मेडिकल रिपोर्ट भएमा मात्र मेडिकल चेकअप गरेको दिनदेखि ९० दिन भित्रमा विदेशमा हुने मेडिकल चेकअपमा मेडिकल फेल भइ स्वदेश फर्कनुपरेमा स्वदेश फर्केको ३५ दिन भित्रमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा क्षतिपूर्तिका लागि निवेदन दिन सकिन्छ ।
- क्षतिपूर्तिका लागि स्वदेशमा स्वास्थ्य परीक्षण गराएको सक्कलै मेडिकल रिपोर्टको प्रति, स्वास्थ्यको कारणले स्वदेश फर्किनुपरेको प्रमाणित गर्ने कागजात, होलोग्राम भएको मेडिकल रिपोर्ट कार्ड, श्रम स्वीकृति, विदेशमा मेडिकल चेकअप गरेको मिति खुल्ने कागजात, पासपोर्टको प्रतिलिपि, विदेश जाँदा र फर्किंदाका हवाइ टिकट, बोर्डिङ पास, स्वास्थ्य व्यवसायी महासंघको रसिदलगायतका तोकिएबमोजिमका अन्य कागजातहरू समेत संलग्न गरी निवेदन दिनुपर्ने छ ।
- श्रम मन्त्रालयले क्षतिपूर्तिका लागि प्राप्त निवेदन विशेषज्ञ समितिमा पठाउने र उक्त समितिले गलत मेडिकल रिपोर्ट दिएका कारण कामदार स्वदेश फर्किनुपरेको भनी पुष्टि गरेमा सम्बन्धितस्वास्थ्य व्यवसायी संस्थाले सम्बन्धित कामदारलाई विदेश जाँदा र फर्किंदाको आतेजातेलगायतको खर्च क्षतिपूर्तिबापत उपलब्ध गराउने व्यवस्था वैदेशिक रोजगार नियमावलीले गरेको छ । गलत मेडिकल रिपोर्ट बनाउने सुचीकृत संस्थालाई कानुनबमोजिम कारबाहीसमेत गर्ने प्रावधान छ ।

# आर्थिक स्थायित्व र वृद्धिको स्तम्भ बन्दै पुनर्बिमा


■ उपासना पौडेल

बिमाको दुनियाँमा जोखिम व्यवस्थापन नै सबैभन्दा मुख्य हो । बिमा कम्पनीहरूले व्यक्ति तथा व्यवसायहरूलाई वित्तीय नोक्सानीबाट जोगाउने जिम्मेवारी लिन्छन् । तर, प्रश्न उठ्छ- विशेषगरी प्राकृतिक प्रकोपको उच्च जोखिम भएका देशहरूमा, सम्भावित विनाशकारी नोक्सानीबाट यी कम्पनीहरूले आफूलाई कसरी सुरक्षित राख्छन् ? यसको उत्तर पुनर्बिमामा सन्निहित छ ।

पुनर्बिमा एउटा परिस्कृत प्रणाली हो, जसले बिमाकर्ताहरूलाई आफ्नो जोखिमको केही हिस्सा अन्य बिमा कम्पनीहरूमा स्थानान्तरण गर्न सक्षम बनाउँछ, जसलाई पुनर्बिमा भनिन्छ । यस्तो अभ्यासले बिमा कम्पनीहरूको वित्तीय स्थायित्वलाई बलियो बनाउन मद्दतमात्र गर्दैन, विशेषगरी नेपालजस्तो भूकम्प, बाढी र पहिरोको उच्च जोखिमयुक्त देशमा, बिमा दाबीहरूको भुक्तानी क्षमतालाई समेत सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ ।

### कसरी बुझ्ने पुनर्बिमालाई ?

पुनर्बिमालाई 'बिमाको पनि बिमा'का रूपमा हेर्न सकिन्छ । यो एउटा जोखिम व्यवस्थापन रणनीति हो, जसमा बिमा कम्पनीले ठूला वा विनाशकारी दाबीहरूको वित्तीय बोझबाट आफूलाई जोगाउन पुनर्बिमाबाट 'कभरेज(बिमा)' खरिद गर्छन् । एक वा एकभन्दा बढी पुनर्बिमाकर्तासँग जोखिम साझेदारी गरी मूल बिमाकर्ता (जसलाई सिडिङ कम्पनी भनिन्छ)ले आफ्नो क्षतिको जोखिमलाई सीमित गर्छ, जसले उसलाई ठूला दाबीहरूको सामना गर्नुपर्दा पनि आर्थिकरूपमा स्थिर रहने क्षमता प्रदान गरिदिन्छ ।

दृष्टान्तका लागि, सन् २०१५ मा नेपालमा गएको गोरखा भूकम्प वा अप्रत्यासित बाढीले पुऱ्याएको क्षतिजस्ता कुनै पनि ठूला प्राकृतिक विपत्ति आइपर्दा बिमा कम्पनीहरूलाई ठूलो आर्थिक असर पर्न सक्छ । यसमा बीमितहरूको दाबी अर्बौं रूपैयाँसम्म पुग्न सक्छ, जुन एउटा बिमा कम्पनीले धान्न सक्नेभन्दा धेरै परको विषय हुन्छ । यस्तो अवस्थामा पुनर्बिमाको भूमिका महत्त्वपूर्ण हुन्छ । पुनर्बिमा सम्झौताको माध्यमबाट सिडिङ कम्पनी (बिमा कम्पनी)ले जोखिमको केही हिस्सामात्र आफूले बेहोर्छन् भने बाँकीको ठूलो हिस्साको जिम्मेवारी पुनर्बिमाले लिन्छ । दायित्वको यस साझेदारीले बिमा कम्पनीलाई विपद्पछि पनि सञ्चालनमा रहन, दाबीहरूको भुक्तानी दिइरहन र नयाँ पोलिसी धारकहरूलाई कभरेज प्रदान गर्न सक्ने सामर्थ्य सुनिश्चित गर्छ ।

नेपालको पुनर्बिमा क्षेत्र मुलुकको अर्थतन्त्र एवं बिमा उद्योगको एक महत्त्वपूर्ण घटकका रूपमा उदाएको छ । केही वर्षयता तीव्र आर्थिक वृद्धि, नियामकीय बदलाव र भूकम्प तथा बाढीजस्ता विपत्तिकारी घटनाहरूको बढ्दो जोखिमका कारण नेपालको पुनर्बिमाको परिदृश्यमा परिवर्तन आएको छ । बिमा उद्योगको क्षमता र दायरा दुवैमा वृद्धि भइरहँदा पुनर्बिमाको बलियो सहयोगको आवश्यकता पहिलेभन्दा धेरै महत्त्वपूर्ण हुन पुगेको छ ।

### नेपालको बदलिँदो पुनर्बिमा बजार

पछिल्लो समय नेपालको पुनर्बिमा बजारमा उल्लेख्य परिवर्तन आएको छ । देशको आर्थिक विकाससँगै ठूला र अधिक जटिल जोखिम पनि बढेका छन् । साथै, नियम, कानुनहरूको विकास र पूर्वाधारमा बढ्दो लगानीले पनि बिमा कम्पनीहरूलाई ठूला जोखिम व्यवस्थापनका उपयुक्त समाधानहरू खोज्न उत्प्रेरित गरेको छ । यसैगरी, प्राकृतिक विपत्ति विशेषगरी भूकम्प र बाढीले बिमा क्षेत्रमा ठूलो जोखिम थपेको छ, जसले दाबीको सम्भावित वृद्धिलाई व्यवस्थापन गर्न पुनर्बिमामा ठोस ढाँचाको आवश्यकतामा जोड दिएको छ ।

आर्थिक वर्ष २०८०/८१ सम्म नेपालको बिमा उद्योगमा दुई पुनर्बिमा कम्पनी, १४ निर्जीवन बिमा कम्पनी, १४ जीवन बिमा कम्पनी र सात लघु बिमा कम्पनी सञ्चालनमा रहेका छन् । यी कम्पनीहरूमा परिचालित कूल इक्विटी पुँजी लगभग एक खर्ब नौ अर्ब रूपैयाँ छ । यसमध्ये ५० प्रतिशत हिस्सा जीवन बिमाले ओगटेको छ भने बाँकी आधामा निर्जीवन बिमा, लघु बिमा र पुनर्बिमा कम्पनीहरूको हिस्सेदारी छ ।

सोही आर्थिक वर्षमा उद्योगले कूल प्रिमियम एक खर्ब ९७ अर्ब रूपैयाँ संकलन गरेको छ, जुन अघिल्लो आर्थिक वर्ष २०७९/८० को तुलनामा आठ प्रतिशतले बढी हो । यो वृद्धिले बिमा उद्योगमा पुनर्बिमाको माग निरन्तररूपमा बढिरहेको देखाउँछ । बिमा कम्पनीहरूले आफ्ना 'प्रडक्ट' र बजारमा पहुँच विस्तार गर्ने क्रममा जोखिमलाई प्रभावकारीरूपमा व्यवस्थापन गर्न पुनर्बिमाको प्रयोगलाई प्राथमिकता दिन थालेका छन् ।

### नेपालमा पुनर्बिमा क्षेत्रको विकास

नेपालमा पुनर्बिमाको इतिहास २०१४ (२०७१ साल) मा नेपाल पुनर्बिमा कम्पनी लिमिटेड (नेपाल रि) को स्थापनासँगै सुरु भएको हो । नेपाल रिको स्थापना देशको बिमा क्षेत्रमा एउटा महत्त्वपूर्ण कोशेढुंगा साबित भयो । यसले अत्यावश्यक घरेलु पुनर्बिमा क्षमता प्रदान गर्नुका साथै विदेशी पुनर्बिमामाथिको निर्भरता घटाउने काम गऱ्यो । नेपाल रि स्थापना हुनुअघि, पुनर्बिमासम्बन्धी अधिकांश प्रिमियम विदेशी बजारमा भुक्तानी गरिन्थ्यो । यसले नेपालको वित्तीय प्रणालीबाट ठूलो मात्रामा पुँजी बाहिरिने समस्या निम्त्याएको थियो । नेपाल रिको स्थापना भएपछिको सुधारले बिमा उद्योगलाई थप स्थायित्व र आत्मनिर्भरता प्रदान गरेको छ ।

सन् २०२१ (२०७८ साल)मा हिमालयन पुनर्बिमा लिमिटेड (हिमालयन रि) को स्थापना भयो र योसँगै नेपालको पुनर्बिमा उद्योगको परिदृश्य थप मजबुत भएको छ । बजारको यस नयाँ प्रविष्टिले घरेलु पुनर्बिमा क्षेत्रको क्षमता अभिवृद्धि गर्नुका साथै नेपाललाई विश्व पुनर्बिमा बजारमा एक खेलाडीको रूपमा स्थापित गर्न पनि मद्दत गरेको छ । विशेषगरी हिमालयन रिले अन्तर्राष्ट्रिय बजारमा आफ्नो उपस्थितिबाट मुलुकभित्र विदेशी मुद्राको आप्रवाह बढाउनमा योगदान पुऱ्याएको छ भने देशको निम्ति राजस्वको नयाँ स्रोतहरू सिर्जना भएका छन् ।

प्रस्तुत तथ्यांकअनुसार गत तीन वर्षमा बिमा कम्पनीहरूले तिर्ने पुनर्बिमाको प्रिमियममा खासै उल्लेखनीय वृद्धि नभएको भए पनि मुलुकका पुनर्बिमा कम्पनीहरूमा गएका पुनर्बिमाका प्रिमियम आव २०७८/७९ मा ४७ प्रतिशत रहेकोमा त्यो बढेर २०८०/८१ मा ६७ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०७८/७९ र २०७९/८० मा क्रमशः १३ अर्ब र १४ अर्ब रूपैयाँ पुनर्बिमाको प्रिमियम नेपाली पुनर्बिमा कम्पनीहरूमा रहेकोमा, आर्थिक वर्ष २०८०/८१ मा यो बढेर १९ अर्ब रूपैयाँ पुगेको देखिन्छ । यसले पुनर्बिमा व्यवसायलाई देशभित्रै सुदृढ बनाउनमात्र सहयोग गरेको छैन, व्यवसायबाट प्राप्त हुने रकम पनि देशभित्रै रहने सुनिश्चित गर्दै नेपालको आर्थिक वृद्धिमा उल्लेखनीय योगदान पुऱ्याएको छ ।

अहिले दुईवटा पुनर्बिमा कम्पनी (हिमालयन रि र नेपाल रि)ले घरेलु बिमा बजारलाई सहयोग गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् । यी कम्पनीले नेपाली बिमा कम्पनीहरूको क्षमतामा उल्लेखनीय वृद्धि गरेका छन्, जसले उनीहरूलाई स्वदेशमै थप बिमा जोखिम व्यवस्थापन गर्न र अन्तर्राष्ट्रिय बजारतर्फ पुनर्बिमा प्रिमियमको बहिर्गमनलाई घटाउन समर्थ बनाएको छ । यो परिवर्तनले नेपालका बिमा कम्पनीहरूको वित्तीय स्थितिलाई मजबुतमात्र बनाएको छैन, स्थानीय बजारमा थप स्थायित्व पनि ल्याएको छ ।

### पुनर्बिमाको माध्यमबाट अर्थतन्त्रको मजबुतीकरण

नेपालमा पुनर्बिमा क्षेत्रको विकासले मुलुकको अर्थतन्त्रमा सकारात्मक प्रभाव/योगदान गरिरहेको छ । विदेशी पुनर्बिमा कम्पनीहरूमा गइरहेको पुनर्बिमाको प्रिमियमलाई मुलुकभित्रै राख्न सहयोग गरेर पुँजीको बहिर्गमनलाई घटाउँदै छ । यसरी अर्थतन्त्रमा पुँजीको परिचालनलाई कायम राखिदिएर स्थानीय परियोजना तथा विकासका पहलहरूमा थप लगानीको वातावरण तयार गरिदिने भएकाले यो परिवर्तन नेपालको आर्थिक स्थायित्वका लागि एकदमै महत्त्वपूर्ण छ ।

यसबाहेक नेपाल रि र हिमालयन रिजस्ता सबल घरेलु पुनर्बिमा कम्पनीहरूको उपस्थितिले बिमा क्षेत्रमा आत्मविश्वास जगाएको छ । यी कम्पनीले पुनर्बिमाको मजबुत आड उपलब्ध गराउने भएकोले नेपालका बिमा कम्पनीहरूले पूर्वाधार विकास, कृषि, जलविद्युत् आयोजना र पर्यटनसँग सम्बन्धित ठूला एवं जटिल जोखिमहरूको पनि आत्मविश्वासका साथ बिमा कभरेज प्रदान गर्न सक्छन् । यो सक्षमताले अर्थतन्त्रका प्रमुख क्षेत्रको वृद्धिलाई मात्र सहयोग गर्दैन प्राकृतिक प्रकोप वा अन्य ठूला दुर्घटनाहरूको कारण पर्न सक्ने वित्तीय आघातहरू सहन क्षमतालाई पनि अभिवृद्धि गर्छ ।

हिमालयन रिजस्ता कम्पनीको सहजीकरणबाट अन्तर्राष्ट्रिय बजारमा नेपाली पुनर्बिमा कम्पनीहरूको प्रवेशले विदेशी मुद्राको प्रवाहमा योगदान पुऱ्याएको छ । यी पुनर्बिमा कम्पनीहरूले विश्वबजारमा आफ्नो पदचिह्न बढाउँदै जाँदा तिनले नेपालमा नयाँ राजस्व स्रोतको आधार बनाउँछन् । देशको विदेशी विनिमय सञ्चितिलाई सहयोग पुऱ्याउँछन् र वित्तीय क्षेत्रको समग्र स्थायित्वलाई नै बढवा दिन्छन् ।

### नेपालमा पुनर्बिमाको आर्थिक प्रभाव

सबल पुनर्बिमा क्षेत्रको आर्थिक लाभ बिमा उद्योगसम्म सीमित नभई धेरै परसम्म विस्तारित छ । पुनर्बिमा प्रिमियमको ठूलो हिस्सा मुलुकभित्रै राखेर यो क्षेत्रले पुँजी बहिर्गमनलाई उल्लेखनीयरूपमा घटाएको छ, जसले नेपालको विदेशी विनिमय सञ्चिति कायम राख्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यसका साथै, पुनर्बिमा उद्योगले बिमाकर्ताहरूका लागि सुरक्षा जालोको काम गरेको छ । प्राकृतिक प्रकोपबाट उत्पन्न ठूला दाबीहरूको भुक्तानी गरेपछि पनि बिमा कम्पनीहरूले आफ्नो सञ्चालन निरन्तरता दिनसक्ने सुनिश्चितता पुनर्बिमाले प्रदान गर्दछ । यसले बिमा उद्योगलाई थप स्थिर र विश्वासयोग्य बनाउँदै आएको छ । हिमालयन रिजस्ता घरेलु पुनर्बिमा कम्पनीले आफूलाई अन्तर्राष्ट्रिय बजारमा पनि विस्तार गरेका छन् । उनीहरूको अन्तर्राष्ट्रिय सञ्चालनमार्फत विदेशी मुद्राको आप्रवाह सिर्जना भएको छ । यसले नेपालको विदेशी विनिमय सञ्चितिमा योगदान पुऱ्याउँदै र विदेशबाट प्राप्त हुने राजस्वको स्थिर स्रोत उपलब्ध गराउँदै नेपालको अर्थतन्त्रलाई मजबुत बनाउन मद्दत गर्छ ।

बलियो पुनर्बिमा बजारको उपस्थितिले अर्थतन्त्रका अन्य क्षेत्र जस्तै पूर्वाधार, कृषि, जलविद्युत् र पर्यटनमा लगानीलाई पनि प्रोत्साहित गर्छ । ती परियोजनासँग सम्बन्धित जोखिमलाई पुनर्बिमामार्फत प्रभावकारीरूपमा व्यवस्थापन गरिएको थाहा पाएपछि लगानीकर्ताले यस्ता ठूला परियोजनामा लगानी गर्ने सम्भावना बढ्छ । यसले समग्र अर्थतन्त्रमै आत्मविश्वास बढाउँछ र दीर्घकालीन विकास लक्ष्यहरूको प्राप्तिमा सहयोग गर्छ ।

### चुनौती र अवसर

नेपालको पुनर्बिमा बजारको वृद्धि आशातीत नै छ तर यो क्षेत्रले सम्बोधन गर्नुपर्ने थुप्रै चुनौतीहरू पनि छन् । विशेषगरी भूकम्प र बाढीको जोखिमलाई दृष्टिगत गर्दा विपत्तिकारी जोखिमको बढ्दो सामना एउटा प्रमुख चुनौती हो । यी जोखिमको आवृत्ति र गम्भीरता दुवैमा वृद्धि हुँदै जाँदा पुनर्बिमाको माग पनि बढ्दै जाने छ, जसले पुनर्बिमा सेवा प्रदायकहरूलाई पर्याप्त पुँजी र जोखिम व्यवस्थापनका अभ्यासहरू कायम राख्न दबाब दिने छ । यसबाहेक, यो क्षेत्रले विश्वका उत्कृष्ट अभ्यासहरूसँग कदम मिलाउनुपर्ने चुनौतीको पनि सामना गर्नुपर्छ । नेपालको पुनर्बिमा बजार बढ्दै जाँदा यसले जोखिम बहनका थप परिस्कृत मोडलिङ उपकरणहरू पनि अँगाल्दै जानुपर्छ, नियामकीय ढाँचामा सुधार गर्नुपर्छ र यसको निरन्तर विकास सुनिश्चित गर्न थप अन्तर्राष्ट्रिय विशेषज्ञता आकर्षित गर्नुपर्छ ।

तथापि, यी चुनौतीहरूसँगसँगै अवसरहरू पनि आउँछन् । नेपाल आर्थिकरूपमा विकसित हुँदै जाँदा बिमाको माग पनि बढ्ने छ, जसले पुनर्बिमाको आवश्यकतालाई अझै बढाउने छ । नेपालमा बढ्दो सहरीकरण तथा पूर्वाधार विकासका कारण विशेषगरी ठूला परियोजना र बढ्दो मध्यम वर्गबाट नयाँ नयाँ जोखिम बिमाका मागहरू देखापर्दै जाँदा पुनर्बिमाका लागि पनि महत्त्वपूर्ण अवसरहरू प्रदान गर्ने छ ।

### नेपालमा पुनर्बिमाको भविष्य

नेपालमा पुनर्बिमाको भविष्य सम्भावनाले भरिपूर्ण देखिन्छ । नयाँ-नयाँ पुनर्बिमाको आगमन र अनुकूल नियामकीय वातावरणले यो क्षेत्रलाई निरन्तर वृद्धिको ठाउँ दिएको छ । नेपालको अर्थतन्त्रको विविधीकरण र विकास हुँदै जाँदा पुनर्बिमा क्षेत्रले जोखिम व्यवस्थापन, बिमा कम्पनीहरूलाई सहयोग र आर्थिक स्थायित्वमा योगदान पुऱ्याउनमा महत्त्वपूर्ण भूमिका खेल्ने छ । आगामी वर्षहरूमा हिमालयन रि र नेपाल रिजस्ता कम्पनीले आफ्नो अन्तर्राष्ट्रिय उपस्थिति विस्तार गर्दै जाँदा विश्वव्यापी पुनर्बिमा परिदृश्यमा नेपालको पुनर्बिमा बजारको थप एकीकरणको अपेक्षा गर्न सकिन्छ । साथै, यो क्षेत्रले जोखिम मूल्यांकन र व्यवस्थापनमा सुधार ल्याउन डेटा एनालिटिक्स तथा आर्टिफिसियल इन्टेलिजेन्सजस्ता नयाँ प्रविधिहरू अँगाल्दै गएको स्थितिमा यो क्षेत्र थप बलियो बन्दै गएको छ ।


### निष्कर्ष

नेपालको पुनर्बिमा क्षेत्रले देशको बिमा उद्योग र अर्थतन्त्रको भविष्यलाई आकार दिनमा रूपान्तरणकारी भूमिका निर्वाह गरिरहेको छ । गत केही वर्षमा पुनर्बिमा सापेक्षिकरूपमा एक शिशु उद्योगबाट वित्तीय स्थायित्वको एक प्रमुख स्तम्भको रूपमा विकसित भएको छ । यसले आन्तरिक बीमक र अर्थव्यवस्था दुवैलाई सहयोग गरिरहेको छ । हिमालयन रिजस्ता नयाँ पुनर्बिमा कम्पनीहरूको आगमन र नेपाल रिको निरन्तर वृद्धिसँगै यो क्षेत्र प्राकृतिक विपत्ति तथा अन्य ठूला घटनाहरूबाट उत्पन्न बढ्दो जोखिमलाई व्यवस्थापन गर्न अझ सुसज्जित हुँदै गएको छ ।

नेपालको बिमा उद्योग विकसित हुँदै जाँदा पुनर्बिमाको माग पनि बढ्दै जाने छ । प्राकृतिक एवं मानव सिर्जित दुवै खाले चुनौतीहरूको सामना गर्न नेपाल लचिलो (सबल) भएको सुनिश्चित गर्न यो क्षेत्रले आफूलाई बदलिँदो बजार गतिशीलता, नियामकीय सर्तहरू तथा बढ्दो जोखिमहरूसँग समायोजन गर्नु अपरिहार्य हुन्छ । धेरै भन्दा धेरै प्रिमियम देशभित्रै कायम राख्न सघाउँदै र आफ्नो विश्वव्यापी उपस्थिति विस्तार गर्दै लगेर नेपालको पुनर्बिमा क्षेत्रले आउँदा वर्षहरूमा देशको आर्थिक विकास र वित्तीय स्थायित्वमा अझ महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गर्न सकिन्छ । नेपालको पुनर्बिमा बजार बढ्दै जाँदा यसले जोखिम बहनका थप परिस्कृत मोडलिङ उपकरणहरू पनि अँगाल्दै जानुपर्छ, नियामकीय ढाँचामा सुधार गर्नुपर्छ र यसको निरन्तर विकास सुनिश्चित गर्न थप अन्तर्राष्ट्रिय विशेषज्ञता आकर्षित गर्नुपर्छ ।

***(पौडेल हिमालयन रिइन्स्योरेन्स कम्पनीकी सिइओ हुन् । नेपाल आर्थिक पत्रकार समाज-सेजनद्वारा प्रकाशित 'अर्थनीति' बाट यो लेख साभार गरिएको हो ।)***

> नेपालको बिमा उद्योग विकसित हुँदै जाँदा पुनर्बिमाको माग पनि बढ्दै जाने छ । प्राकृतिक एवं मानव सिर्जित दुवै खाले चुनौतीहरूको सामना गर्न नेपाल लचिलो (सबल) भएको सुनिश्चित गर्न यो क्षेत्रले आफूलाई बदलिँदो बजार गतिशीलता, नियामकीय सर्तहरु तथा बढ्दो जोखिमहरूसँग समायोजन गर्नु अपरिहार्य हुन्छ । धेरै भन्दा धेरै प्रिमियम देशभित्रै कायम राख्न सघाउँदै र आफ्नो विश्वव्यापी उपस्थिति विस्तार गर्दै लगेर नेपालको पुनर्बिमा क्षेत्रले आउँदा वर्षहरूमा देशको आर्थिक विकास र वित्तीय स्थायित्वमा अझ महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गर्न सकिन्छ ।



**थारू सांस्कृतिक संग्रहालय** | दाङको दंगीशरण गाउँपालिका–३ स्थित थारु सांस्कृतिक संग्रहालय चखौरामा राखिएका थारु जातिको पहिचान, कला संस्कृति झल्काउने मूर्ति, आकृति तथा चित्रहरू । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# मकुना हात्ती मृत्यु प्रकरणः कार्यदलले स्थलगत काम सक्यो

**चितवन (प्रस)**- चितवन राष्ट्रिय निकुञ्जको कुमरोज मध्यवर्ती सामुदायिक वनको लामिताल इलाकामा जंगली हात्ती मकुनाको मृत्यु प्रकरणसम्बन्धी छानबिन गर्न बनेको कार्यदलले स्थलगत अध्ययन सकेको छ । वन तथा वातावरण मन्त्रालयका सहसचिव डा बुद्धिसागर पौडेलको संयोजकत्वमा बनेको कार्यदलले तीन दिनदेखि थालेको स्थलगत अध्ययन सकेर बुधबार उक्त टोली काठमाडौं फर्किएको हो ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरका अनुसार कार्यदलले चितवन राष्ट्रिय निकुञ्जका कर्मचारी, नेपाली सेना र सरोकार भएकासँगको छलफल गर्नुका साथै घटनास्थलको स्थलगत निरीक्षण एवं अनुगमन गरी पर्किएको हो । उनले भने, 'कार्यदलको टोलीले आफ्नो काम सकेर हिजो काठमाडौं फर्किएको छ ।'

पौडेलको संयोजकत्वमा बनेको पाँच सदस्यीय कार्यदलले गत माघ २७ गतेदेखि काम सुरु गरेको थियो । उनीहरूले सौराहाका निजी हात्ती सञ्चालक, युनाइटेड हात्ती सहकारी संस्थाका प्रतिनिधि, सामुदायिक वनका प्रतिनिधि, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका प्रतिनिधिसँग छलफल गरे ।

छलफलका क्रममा सरोकार भएकाले कार्यादललाई निजी हात्ती एकीकृत गरी दिगो रूपमा व्यवस्थापन गर्न सहजीकरण गरिदिन आग्रह गरेका छन् । हात्ती पालकहरूले राज्यले निश्चित ठाउँ तोकिदिए व्यवस्थापनमा सहजीकरण गर्न आफूहरू तयार रहेको उल्लेख गरे ।

चितवन राष्ट्रिय निकुञ्जको लामिताल क्षेत्रमा यही माघ २३ गते मकुनालाई गोली हानी मारिएको विषयमा मन्त्रालयले बनाएको कार्यदलको सदस्यमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ अनुगमन तथा मुल्यांकन अधिकृत पुरुषोत्तम शर्मा, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालयका प्रमुख सेनानी गजेन्द्र रावत, वन तथा भूसंरक्षण विभागका वन अधिकृत सबनम पाठक, चितवन राष्ट्रिय निकुञ्जका पशु चिकित्सक डा दिनेश शाहलगायत टोलीले स्थलगत अध्ययन तथा अवलोकन गरेको निकुञ्जका सूचना अधिकारी थापा मगरले जानकारी दिए ।

मन्त्रालयले घटनास्थलमा आबद्ध तथा सम्बद्ध सरोकार भएका व्यक्ति, संघसंस्था, समूह, निकाय तथा आवश्यकता अनुसार सुरक्षा निकाय, स्थानीय पालिका र स्थानीय प्रशासनसँग छलफल गर्ने, घटनाको विस्तृत विवरण तथा कारण पहिचान गर्ने, आगामी दिनमा यस्ता घटना हुन नदिन सुरक्षा सावधानीलगायत विषय प्रतिवेदनमा समावेश गरी सुझाव दिन सात दिनको कार्यादेशसहित कार्यदल गठन गरेको थियो । कार्यदल गठनसँगै घटनाका बारेमा अध्ययन थालिएको मगरले जानकारी दिए ।

# सुख्खा हिउँदः न हिमपात, न वर्षा

■ ध्रुवसागर शर्मा



**गलेश्वर (म्याग्दी)**– हिउँदको समय सकिन अब करिब तीन साता मात्रै बाँकी छ । बितेको हिउँदे पाँच महिनामा हिमपात र वर्षा नहुँदा गम्भीर वातावरणीय असर देखिन थालेका छन् । हिउँदमा हिमपात नभएपछि सेता हिमालहरू फुस्रा बन्दै गएका छन् भने पानी नपर्दा खेतबारीमा लगाएका खाद्यान्नलगायत तरकारी बाली ओइलाउन थालेका कृषकले बताएका छन् । माघ नसकिँदै गर्मी बढेको र विगतका वर्षको तुलनामा जाडो कम भएको म्याग्दीको बेनी नगरपालिका-२ का ८९ वर्षीय वेदप्रसाद उपाध्यायले बताए ।

जल तथा मौसम विज्ञान विभागले मंसिर १५ देखि फागुन १६ सम्मको हावापानी आकलन गर्दा औसतभन्दा कम पानी पर्ने र न्यूनतम्देखि अधिकतम तापक्रम बढ्ने पूर्वानुमान यसअघि नै गरेको थियो । हिउँदमा औसतभन्दा कम पानी पर्ने प्रक्षेपण जल तथा मौसम विभागको थियो । तत्काल पानी पर्ने र हिमपात हुने सम्भावना नदेखिएपछि हिउँदे खडेरी पर्ने भन्दै विज्ञहरूले कृषि, जल, वन, ऊर्जालगायत क्षेत्रमा असर पर्ने चिन्ता व्यक्त गरेका छन् ।

जल तथा मौसम विज्ञान विभागकी प्रवक्ता विभूति पोखरेलले यही अवस्था रहिरहने हो भने तत्काल पानी पर्ने र हिमपात हुने सम्भावना नरहेको बताए । 'अहिलेको अवस्थामा वर्षा र हिमपात भइहाल्ने लक्षण देखिँदैन । सुख्खा खडेरीको लक्षण देखिएको छ । यद्यपि फेब्रुअरी नसकिएसम्म समग्र यो हिउँद कस्तो भयो भन्न मिल्दैन,' प्रवक्ता पोखरेलले बताए ।

हिमालय क्षेत्रमा जलवायु परिवर्तनका कारण पर्यावरणीय संकट देखिन थालेको भन्दै विज्ञले चिन्ता व्यक्त गरेका छन् । हिमालमा हिउँको मात्रा घट्दै गएको छ । हिमालमा हिउँ कम जम्मा भएको र त्यसको स्तर (हिउँरेखा) तल-माथि हुने गरेकोले पर्यावरणीय संकट बढ्दै जान थालेको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रका (इसिमोड) का वैज्ञानिकहरूले बताएका छन् ।

नेपालमा मुख्यालय रहेको इसिमोडले हालै सार्वजनिक गरेको हिउँ अध्ययन अध्यावधिक रिपोर्ट २०२४ अनुसार हिमालय क्षेत्रमा सन् २०२४ को जाडो याममा सरदरभन्दा कम हिउँ पर्ने र जमिनमा हिउँ रहिरहने समय अवधि पनि घट्ने जनाएको थियो ।

हिमालमा हिमस्खलन हुने क्रम बढ्दै जाने तर समयमा हिमपात नहुने र भए पनि अत्यन्त कम मात्रामा हुने गरेकोले केही वर्ष अघिसम्म चाँदीजस्तै टल्कने सेता हिमाल पछिल्ला केही वर्षयता काला पहाडमा परिणत हुँदै जान थालेका इसिमोडमा कार्यरत वैज्ञानिक शेर मोहम्मद बताउँछन् । 'पानीको बहावको समय र तीव्रतामा व्यापक फेरबदलको संकेत देखिएको छ । यो शोधकर्ता, नीति निर्माता र तल्लो तटीय क्षेत्रमा रहने समुदायका लागि खतराको घण्टी हो,' वैज्ञानिक मोहम्मदले भने ।

इसिमोडका वैज्ञानिकले पानी अभाव, बाढी, खडेरीजस्ता प्राकृतिक प्रकोपबाट जोगिन सक्रिय कदम उठाउनुपर्ने र हरितगृह ग्यास उत्सर्जन घटाउनुपर्नेमा जोड दिएका छन् । हिउँद याममा हिउँ पर्ने क्रम घटेको र हिमालय क्षेत्रको जमिनमा हिउँ धेरै समयसम्म रहिरहन नसक्ने समस्या देखिन थालेको वैज्ञानिकको भनाइ रहेको छ ।

म्याग्दीको मुदीमा रहेको संसारको सातौं अग्लो धौलागिरि हिमालमा हिउँको मात्रा घट्दै गएको छ । आठ हजार १६७ मिटर अग्लो धौलागिरि हिमाल पहिले बाह्रै महिना पूरै हिउँले ढाकिने गरेको भए पनि विगत केही वर्षयता हिमालको तल्लो भाग हिउँविहीन देखिने गरेको म्याग्दीका पर्यटन व्यवसायी चक्रबहादुर तिलिजा पुनले जानकारी दिए ।

हिउँदेयाममासमेत हिउँ नपरेपछि डाँडाकाँडा रूखा र सुक्खा देखिन थालेका छन् भने हिमालहरू कालापत्थरमा परिणत भएका छन् । 'पहिले धौलागिरि हिमशृंखला पूरै हिउँले ढाकिएको हुन्थ्यो, पछिल्ला केही वर्षयता हिमालका तल्लो भाग काला पहाडजस्ता देखिन थालेको छ, जाडो याममासमेत हिमालहरू नांगिएको देखिन्छ,' तिलिजाले भने ।

पहिले चाँदीझैं टल्कने हिमाल अहिले उराठलाग्दा देखिनथालेका डिभिजन वन कार्यालय म्याग्दीका वन अधिकृत चन्द्रमणि सापकोटा बताउँछन् । असोज र कात्तिकमा अत्यधिक वर्षा हुनु, मंसिर, पुस र माघ महिनामा पनि कम हिउँ पर्नु, जलवायु परिवर्तनको प्रभाव मान्न सकिने सापकोटाको भनाइ छ ।

### सुख्खा खडेरी बढ्ने संकेत

विभागको पूर्वानुमान महाशाखाले हिउँदको बाँकी रहेको तीन साताको समयमा पनि वर्षा र हिमपातको मौसमी प्रणाली नरहेको बताएको छ । मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेले तत्कालै हिउँदे वर्षा र हिमपात हुने लक्षण नदेखिएकाले सुख्खा खडेरी बढ्न सक्ने बताए । उनका अनुसार जलवायु परिवर्तन र तापक्रम बृद्धिका अब्जरभेसन आइरहेकाले मौसमी प्रणालीमा पनि परिवर्तन देखिएको हो ।

जलवायुविज्ञ डा. धर्मराज उप्रेती पनि हिउँदको बाँकी अवधिमा पानी पर्ने सम्भावना न्यून देखिएको बताउँछन् । 'गत वर्ष पनि ८० प्रतिशत कम वर्षा भएको थियो । यसपटक पछिल्ला दुई वर्षको रेकर्ड तोडिने अवस्था भइरहेको छ,' डा. उप्रेतीले भने, 'कम वर्षा भएको यो लगातार तेस्रो हिउँद हो । फेब्रुअरी २८ पछि हिउँदे अवधि सकिएर प्रि-मनसुन सुरु हुन्छ, अब बाँकी तीन हप्ता हिउँदमा पानी पर्ने सम्भावना न्यून छ ।'

डा. उप्रेतीका अनुसार भूमध्य सागरको सतहको तापक्रममा आएको परिवर्तन र त्यसले सिर्जना गर्ने पश्चिमी वायु कमजोर भएसँगै अरब सागर र बंगालको खाडीमा पनि समुद्री सतहको तापक्रममा आएको परिवर्तनले पश्चिमी वायु कमजोर देखिएको छ । पश्चिमी वायु सक्रिय भएन भने वर्षा हुन नसक्ने उनको भनाइ छ । 'यसपटक पश्चिमी वायु सक्रिय हुन सकेन । त्यसै कारणले यसपालि कर्णाली र सुदूरपश्चिमका केही भूभागमाबाहेक अन्यत्र वर्षा र हिमपात हुन सकेन ।' उनका अनुसार अहिलेसम्म ९.२ प्रतिशतमात्रै वर्षा भएको छ । 'हिउँदे अवधिमा औसतमा ६१ मिलिमिटर पानी पर्नुपर्ने हो तर ५.५ मिलिमिटरमात्रै परेको छ, त्यो पनि पश्चिमी भागमा मात्रै,' डा.उप्रेतीले भने ।

### पारिस्थितिकीय प्रणालीमा असर

जलवायु परिवर्तन र तापक्रम वृद्धिका कारण समग्र पारिस्थितिकीय प्रणालीमा असर पर्दै जान थालेको जानकारहरूले बताएका छन् । कृषि वैज्ञानिकहरूका अनुसार हिउँदमा पानी नपर्दा कृषि-खेती प्रणाली, वन प्रणाली, ऊर्जा प्रणालीमा नराम्रो प्रभाव पर्दै गएको छ । पानीका स्रोतहरू सुक्दै गएका छन् । सिँचाइको प्रबन्ध नभएका ठाउँहरूमा खडेरीले खाद्यान्न उत्पादन घटेको छ ।

'हिमाली क्षेत्रका जमिनमा माटोको अम्लिएपना बढ्दै जाँदा रैथाने बालीहरू लोप हुँदै गएका छन् । जंगली फलफूलको पाक्ने समय परिवर्तन भएको छ । कयौं वनस्पति र जंगली पशुपक्षीहरू देखिन छोडेका छन् । खोला तथा नदीहरूमा पानीमा मात्रा कम हुँदै गएको छ,' हिमाली क्षेत्रको वातावरणीय अध्ययनमा सक्रिय प्रत्युष वाग्लेले भने, 'हिमाली क्षेत्रको पर्यावरणमा गम्भीर चुनौती उत्पन्न भएको छ ।' उनका अनुसार वनमा जंगली जनावरले पानी नपाउनेलगायत समस्या बढेका छन् । जंगली जनावरहरू जंगल छोडेर गाउँ वस्तीतिर पस्न थालेका छन् । सुक्खा बढेका कारण वनमा आगलागी घटना भइरहेका छन् । सहरहरूमा प्रदूषण खतराको तहसम्म पुगेको छ ।

पानी नपर्दा हिमालमा हिउँसँगै तल्लो भेगमा पानीलाई असर गरिरहेको वाग्लेको भनाइ छ । 'हिउँ नपर्दा हिमाल नांगा देखिएको, काला पत्थर देखिएको, ठाउँ-ठाउँमा उजाड भएको छ, यसको सीधै प्रभाव तल आएर पानीमा देखिन्छ । पानीका मुहान, स्रोत सुक्न थालेका छन् जसले गर्दा पिउने पानीको समेत संकट आउन सक्छ,' वाग्लेले भने ।

यस वर्ष (सन् २०२४ मा हिउँको मात्रा विगत २० वर्षको औसतको तुलनामा १८.५ प्रतिशतले कमी आएको इसिमोडले जनाएको छ । सन् २०१८ मा हिउँको मात्रा सर्वाधिक कम थियो भने यस वर्ष २०१८ को तुलनामा ०.५ प्रतिशतले मात्रै बढेको इसिमोडको तथ्यांकमा उल्लेख छ ।

गर्मी ठाउँमा मात्र पाइने लामखुट्टे हाल उच्च पहाडी र हिमाली भू-भागमा पनि पाइन थालेका छन् । जलवायु परिवर्तनकै कारण महत्त्वपूर्ण जडीबुटी तथा वनस्पति लोप भइसकेका छन् । साथै पृथ्वीमा समयमै पानी नपर्ने, परे पनि कहिले लगातार परिरहने त कहिले पानी नै नपर्ने भइरहेको छ । यसरी कहिले अत्यधिक वर्षा भई धनजनको विनास हुने त कहिले पानी नै नपरी खेतीबाली तथा वनजंगल नै सुक्ने अवस्था आइरहेको छ ।

जलवायु परिवर्तनका कारण मानव स्वास्थ्यमासमेत गम्भीर असरहरू देखिन थालेका चिकित्सक तथा वातावरण विज्ञहरूले बताएका छन् । जलवायु परिवर्तनकै कारण नयाँ-नयाँ रोगको देखिएका छन् । यसको असर बढ्दै जाँदा नेपालको हिमाली क्षेत्रमा पाइने महत्त्वपूर्ण जडीबुटी यार्सागुम्बालगायतका वनस्पति पनि लोप हुने खतरा रहेको विभिन्न अध्ययनहरूले पनि पुष्टि गरेका छन् । *रासस*

# 'बाल विवाह सामाजिक समस्या'

**मोरङ (प्रस)**– कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बाल विवाह सामाजिक समस्या भएको बताएका छन् । जस्ट राइट फर चिल्डेन इन नेपालद्वारा मुख्यमन्त्री एवं मन्त्रिपरिषद्को कार्यालय विराटनगरमा बिहीबार आयोजित 'बालविवाहविरुद्ध प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्दै उनले बाल विवाहलाई रोक्न सामूहिक सहकार्यको आवश्यकता औंल्याए ।

मुख्यमन्त्री कार्कीले प्रदेश सरकार बाल विवाहको अन्त्य एवं नियन्त्रण गर्न अभियानको रूपमा नीति तथा कानुनी प्रवन्ध गरी अगाडि वढेको जानकारी दिए । उनले प्रदेशमा बाल विवाह निषेधसमेत गरिकामा कतिपय दुर्गमस्थान एवं पहाडी परेका वर्गमा यो समस्या विद्यमानरूपमा देखिएकोले यसको नियन्त्रण गर्न सुरक्षा निकाय एवं समाज चनाखो भएर लाग्नुपर्ने आवश्यकता औंल्याए ।

हस्ताक्षर कार्यक्रममा सामाजिक अभियन्ता बालकृष्ण पाण्डे, डा. गंगाधर अधिकारीलगायतले अन्य छ प्रदेशमा बाल विवाहविरुद्ध प्रतिबद्धता हस्ताक्षर अभियान सञ्चालन गरिसकेको जानकारी दिए । कार्यक्रममा प्रदेशका विभिन्न मन्त्रालयका मन्त्री र सचिवहरूको उपस्थिति रहेको थियो ।

# 'एमगज' हात्तीको जंगलमा उपचार

**चन्द्रपुर (रौतहट)**- लामो समयदेखि बिरामी भएर रौतहटको वन क्षेत्रमा घुमिरहेको पर्सा राष्ट्रिय निकुन्जको 'एमगज' नामक हात्तीको आज जंगलमा उपचार गरिएको छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोष चितवनका डा. अमिर सडौलाको नेतृत्वमा आएको टोलीले बिहीबार बिहान बिरामी हात्तीको उपचार गरेका जिल्लास्थित डिभिजन वन कार्यालयका प्रमुख हेमन्तप्रसाद साहले जानकारी दिए । उनका अनुसार हिलेखोला वन क्षेत्रमा हात्ती देखिएको खबर पाएपछि डा. सडौलाको टोलीसहित सशस्त्र वन रक्षकको टोली, वन कर्मचारी सो क्षेत्रमा पुगेर हात्तीको उपचार गरेका हुन् ।

हात्तीको दाया खुट्टामा चोट लागेको भन्दै गोली वा भाला प्रहारबाट घाइते भएको हुनसक्ने डा. सडौलाले बताए । 'हात्तीलाई बेहोस बनाएर उपचार गरिएको हो । उपचारपछि पुन होसमा ल्याएर सोही जंगलमा छाडिएको छ,' उनले भने । हात्ती बिरामी भएको खबर पाएपछि उपचारका लागि आएको उक्त टोलीले करिब दुई घण्टा लगाएर हात्तीको उपचार गरेको थियो ।

एमगज केही दिनअघि रौतहटको चन्द्रपुर-२ जुडिबेला गाउँमा घुमिरहेको थियो । स्थानीयले हात्ती बिरामी भएको खबर सामाजिक सञ्जालमा हालेका थिए । हात्तीले रौतहटको उत्तरी भेगमा दर्जनौंको घर भत्काएको छ भने लाखौंको अन्न बालीमा क्षति पुऱ्याएको छ । *रासस*


**कतारमा रोजगार** कम्पनी : BUILDERS ADVANCED ENGINEERING CONSTRUCTION CO सच्याइएको

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ LT. No. 318671 चलानी नं. ६०२२३२८७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 100 | 0 | 1000 | ३८,१७१ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Reinforce Fitters | 98 | 0 | 1200 | ४५,८०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Seagull Training Center काठमाडौंमा मिति: २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: Chemjong Training Center (Belbari Morang) मा मिति: २०८१ फागुन ९ गते (21st Feb. 2025) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: ramjanaki Training Center Janakpur मा मिति: २०८१ फागुन १० गते (22nd Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1405/074/75
CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com



## सिरीजङ्घा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### तेल्लोक, ताप्लेजुङ

## बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना

**सूचना प्रकाशित मिति: २०८१।११।०२**

यस कार्यालयबाट तपसिलमा उल्लिखित ठेक्का सम्वन्धी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भए अनुसार तपसिलमा उल्लिखित बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताव सारभूतरूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | विवरण | ठेक्का नं. | ठेक्का प्रकाशित मिति | बोलपत्र खोलिएको मिति | सारभूतरूपमा प्रभावग्राही भएको बोलपत्रदाताको नाम | बोलपत्रदाताले कबोल गरेको रकम (भ्याट तथा पि. एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | Construction of Two (2) Roads Aayojana at Different Location Within Sirijangha Rural Municipality, Ward No. 1, Sinam, Taplejung | SQ/Works/Roads/SRM/09/2081/082 | २०८१।०९।२३ | २०८१।१०।०९ | श्री ए वान निर्माण सेवा, प्रा.लि. काठमाडौं | रू. १२,८७,२६९.४८ | |
| २ | Supply and Delivery of Medicines for Sirijangha Rural Municipality | SQ/Goods/SRM/12/2081/082 | २०८१।१०।०३ | २०८१।१०।१८ | श्री केवलेश्वर मेडी सेल्स, काठमाडौं | रू. ६,९५,३१०.०० | |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक

शुक्रबार, ०२ फागुन २०८१ (Friday, February 14, 2025)

रूपशाला

## 'दु:खीआत्मा' आजदेखि हलमा

दीपेन्द्र लामाद्वारा निर्देशित (शुक्रबार) आजदेखि सिनेमा हलमा चल्ने भएको छ । यस फिल्मले देशका अधिकांश मल्टिप्लेक्समा शो पाएको छ । फिल्मले मल्टिप्लेक्समा सुखद् सुरुवाती शोज पाएको छ । फिल्मलाई क्यूएफएक्स चेनले उपत्यकाका हलमा २४ शोज दिएको छ । यस्तै, बीग मुभिजले ३ शोज, वान सिनेमाज् नयाँ बानेश्वरमा ५ शोज, कालीमाटीमा ४ शोज, एफक्यूब सिनेमाज्मा ५ शोज, आइएनआई नयाँ बानेश्वरमा ४ शोज मिलेको छ । काठमाडौँ बाहिर पनि यो फिल्मलाई सुखद शोज मिलेको छ । जसकाकारण फिल्मले सुखद ओपनिङ गर्ने अपेक्षा गरिएको छ ।



# मेकअपसम्बन्धी पाँच दिने कार्यशालामा २७ चलचित्रकर्मी सहभागी

■ प्रभाव संवाददाता

**सुर्खेत –** चलचित्र विकास बोर्डको आयोजनामा कर्णाली प्रदेशका चलचित्रकर्मीहरूका लागि सुर्खेतको वीरेन्द्रनगरमा फिल्मी मेकअपसम्बन्धी पाँचदिने कार्यशाला सुरु भएको छ ।

चलचित्र विकास बोर्डका पूर्वअध्यक्ष गणेश भण्डारी कार्यशालाको प्रमुख अतिथि उपस्थित थिए। कार्यशालामा २७ जना स्थानीय चलचित्रकर्मीहरूको सहभागिता रहेको छ ।

बोर्डका सदस्य राजु केसीको संयोजनमा सञ्चालन भइरहेको कार्यशालामा कर्णालीका प्रतिष्ठित चलचित्रकर्मी प्रेमदेव गिरीलगायतका कलाकार तथा साहित्यकारहरूको उपस्थिति रहेको छ । चलचित्रकर्मीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यशालामा नेपाली चलचित्रका वरिष्ठ सौन्दर्यकर्मि एवं प्रशिक्षक शन्तु तामाङद्वारा प्रशिक्षण



प्रदान गरिनेछ । माघ ३० देखि फागुन ४ गतेसम्म सञ्चालन हुने कार्यशालाले स्थानीय कलाकारहरूलाई फिल्म निर्माणको महत्वपूर्ण पक्ष–मेकअप–बारे व्यावहारिक ज्ञान प्रदान गर्दै उनीहरूको दक्षता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

# बुलबुल भ्यालेन्टाइनमा पुन: रिलिज हुने

■ प्रभाव संवाददाता

**काठमाडौं –** सन् २०१९ मा भ्यालेन्टाइन डे मै हलमा प्रदर्शनमा आएको चलचित्र 'बुलबुल' एमएसएम एपमा भ्यालेन्टाइन डे कै दिन २०२५ को फेब्रुवरी १४ मा रिलिज हुने भएको छ ।

एमएसएम एपमा विश्वका धेरै देशबाट मोबाइल, गुगल, टीभी, एन्ड्रोइड, अमेजन फायर स्टिक टिभी, सामसुङ टीभी, एलजी टीभी, एप्पल टीभी, हिसेन्स टीभी, भिडियो टीभी, रोकु टीभी एप र कम्प्युटरमा पनि उपलब्ध छ । यसैले हरेक वर्गका दर्शकले आफूले मनपर्ने फिल्म सजिलै हेर्न पाउँछन् ।

चलचित्रका निर्माता अविरल थापाले पहिले हलमा हेर्न नपाएका र नभ्याएका दर्शकले देशभित्र र विदेशबाट समेत बुलबुल हेर्न अत्याधिक माग गरेपछि एमएसएम एपमार्फत पुन: प्रदर्शनमा ल्याउन लागेको बताए ।

कहाँबाट कतिले चलचित्र हेरे र कति




आम्दानी भयो भन्ने सबै चलचित्र निर्माता आफैंले पारदर्शीरूपमा हेर्न सकिने हुँदा चलचित्र निर्माताका लागि र दर्शकको लागि पनि घरमै बसीबसी विभिन्न प्लेटफर्ममा आफनो समयअनुसार चलचित्र हेर्न पाउनु आफैं राम्रो भएको थापाले बताए ।

स्वस्तिमा खड्काले यो चलचित्रमा उत्कृष्ट अभिनय गरेबापत सार्क फिल्म फेस्टिभललगायत अन्य घरायसी फेस्टिभलहरूमा साथै राष्ट्रिय चलचित्र पुरस्कार प्राप्त गरेकी थिइन् ।

निर्देशक विनोद पौडेलले पनि उत्कृष्ट निर्देशकको पुरस्कार हात पारेका थिए । यो चलचित्रले नेपालको तर्फबाट ९२ औं अस्कर फिल्म अर्वाडमा पनि प्रतिनिधित्व गरेको थियो । संसारका कैयन अन्य चलचित्र महोत्सवमा पनि छानिएको थियो । चलचित्रमा अभिनेता मुकुन भुषाल, लक्ष्मी बर्देवा, दीपक क्षेत्रीलगायतको पनि अभिनय रहेको छ । मुकुनले २०१९ मा यही चलचित्रबाट आफ्नो फिचर सिनेमामा डेब्यू गरेका थिए । यही टिमले बनाएको हरिवंश आचार्यको प्रमुख भूमिका रहेको चलचित्र 'भूठान' २०८२ वैशाख १२ मा प्रदर्शनमा आउँदै छ ।

# 'कर्मा'को फर्स्टलुक सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं –** चलचित्र 'कर्मा'को फस्टलुक पोस्टर सार्वजनिक भएको छ । निर्माणपक्षले चलचित्रका मुख्य कलाकारलाई फिचर्ड गर्दै दुईवटा पोस्टर सार्वजनिक गरेको हो ।

पोस्टरमा विपीन कार्की छन् । उनलाई ब्ल्याक जिन्स र फिट बडीमा देखाइएको छ । हातमा सर्ट गन बोकेका उनको लुक्सअनुसार उनी बदलाको भावमा छन् । गेटअप, ड्रेसअप, फेसियल लुक्स र हातमा रहेका सर्ट गनले उनी एक्सन भूमिकामा रहेको प्रष्ट देखिन्छ । कलरसँग खेलिएको पोस्टरले पनि एक्सनको संकेत गर्छ ।

पोस्टरमा रहेको स्लोगन 'ह्वाट गोज अराउन्ड, कम्स अराउन्ड'ले पनि बदलाको मुडमा मुख्य पात्र रहेको पुष्टि गर्छ । स्लोगनले 'कर्मा' सिचुएसनल एक्सन भएको सामान्य अनुमान लगाउन सकिन्छ । यदि, निर्माणपक्षले गरेको दाबी र पोस्टरले गरेको संकेतअनुसार चलचित्र एक्सन जनराको हो भने यो जनरामा विपीन पहिलोपटक देखिनेछन् । यसले नै दर्शकमा रोमाञ्चकता थप्नेछ । 'कर्मा'लाई 'अगस्त्य' फेम्ड निर्देशक सौरभ चौधरीको निर्देशन गरिरहेका छन् ।

'कर्मा' चैत २९ गते रिलिज हुनेछ । यो चलचित्रमा विपीनसँगै उपासना सिंह ठकुरी, मुकुन भुसाल, दिव्यदेवलगायत कलाकारको अभिनय रहेको छ ।

मुकुन यो चलचित्रमा नेगेटिभ क्यारेक्टरमा छन् । एक्सन ड्रामा जनरामा निर्माण भैरहेको सिनेमाको कथा निर्देशक चौधरी स्वयंले लेखेका छन् ।

आर्टिस्टिक इनटरटेनमेन्टको प्रस्तुति रहने 'कर्मा'मा वसन्त लम्सालको लगानी रहनेछ । निर्देशक चौधरीको 'अगस्त्य: च्याप्टर १'ले दर्शक र समीक्षकको राम्रो प्रतिक्रिया पाएको थियो ।

# पोखरेलीमाझ गुञ्जँदै स्वप्निल

**काठमाडौं (प्रस)–** युवा पुस्ता माझ लोकप्रिय गायक सोप्निल शर्माले १४ फेब्रुअरी अर्थात भ्यालेन्टाइन्स डेमा पोखराका दर्शक नचाउने भएका छन् । पोखराको बाराही चोक बाराहीघाट लेखसाइटमा आयोजना हुन लागेको 'फरेनहाइट वान लभ' नामक सांगीतिक कार्यक्रम मार्फत उनले त्यहाँका दर्शक नचाउने भएका हुन् ।

फरेन हाइट क्लबको आयोजनामा हुन लागेको कार्यक्रममा शर्माले आफ्ना लोकप्रिय करिब दर्जन गीत




प्रस्तुत गर्ने छन् । कार्यक्रममा शर्माको अलवा अलवा द एज नेपाल ब्याण्डको समेत सांगीतिक प्रस्तुति रहनेछ ।

१४ फेब्रुअरी अर्थात भ्यालेन्टाइन्स डेमा सबैलाई सांगीतिक मनोरञ्जन प्रदान गराने उदेश्यले कार्यक्रमको आयोजना गर्न लागिएको आयोजक फरेनहाइट क्लबमा प्रबन्ध निर्देशक सोनम शेर्पाले बताए । 'अहिले क्लब बन्द छ । क्लब बन्द भएपनि क्लबले गर्दै आएको सांगीतिक प्रस्तुति जारी रहोस् भनेर आयोजना गरिएको हो' शेर्पाले थपे ।

रंगशाला

आहा ! पोखरा गोल्डकप

# उपाधिका लागि पुलिस र ब्ल्याक बुल्स भिड्ने

■ प्रभाव संवाददाता

**पोखरा–** २४औं आहारारा पोखरा गोल्डकपको उपाधिका विभागीय क्लब नेपाल पुलिस क्लब र उज्बेकिस्तानको ब्ल्याक बुल्स एफसीबीच प्रतिस्पर्धा हुने भएको छ ।

बिहीबार भएको दोस्रो सेमिफाइनलमा पाँच पटकको विजेता थ्रीस्टारलाई ४-० को फराकिलो अन्तरले हराउँदै ब्ल्याक बुल्स पहिलो सहभागितामै फाइनल पुगेको हो ।

यसअघि भएको पहिलो सेमिफाइनलमा मनाङसँगै सर्वाधिक ६ पटकको च्याम्पियन पुलिसले ए डिभिजन लिग विजेता चर्च ब्वाईजलाई १-० ले हराएर फाइनल पुगिसकेको छ ।

पुलिसले पहिलो खेलमा सहारा क्लब र क्वाटरफाइनलमा ब्रिगेड ब्वाइज क्लब युकेलाई पराजित गरेको थियो । सिधै क्वाटरफाइनल खेलेको ब्ल्याक बुल्सले भारतको थण्डरबोल्ट नर्थ युनाइटेडलाई हराएको थियो ।

पुलिस ११औं पटक फाइनलमा पुगेको हो । ब्ल्याक बुल्स नेपालमा आएर खेलेको पटकपटकमै मोफसलको चर्चित फुटबलको फाइनल पुगेको हो । फाइनल खेल आउने शनिबार दिउँसो २:३० बजे हुनेछ ।

माघ २२ गतेदेखि सुरु भएको प्रतियोगितामा तीन विदेशीसहित १२ टोलीको सहभागिता थियो । प्रतियोगिताको विजेताले १२ लाख १ हजार प्राप्त गर्नेछ ।

# त्रिवि मैदानमा अन्तर्राष्ट्रिय मापदण्डको फ्लडलाइट र प्यारापिट बनाउन बोलपत्र स्वीकृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा अन्तर्राष्ट्रिय मापदण्डको फ्लडलाइट जडान तथा प्यारापिट निर्माणका लागि आह्वान गरिएको बोलपत्र स्वीकृत भएको छ ।

सहरी विकास मन्त्रालयको संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयले बिहीबार फ्लडलाइट र प्यारापिटका निर्माणको लागि छुट्टाछुट्टै कम्पनीको बोलपत्र स्वीकृत गरिएको जनाएको छ । मन्त्रालयले गत ५ मंसिरमा सूचना आह्वान गरेको थियो । फ्लडलाइट जडानका लागि ललितपुरको



विशन-ईश्वरी जोइन्ट भेन्चरले ४२ करोड १९ लाख ९१ हजार ६ सय ५३ रूपैयाँमा ठेक्का पाएको छ ।

प्यारापिटका लागि बिकेओआई-केसिडिसी-बिजी जेभी, टंगलले दर्ता गराएको ४३ करोड ७७ लाख ३० हजार १३ रूपैयाँको बोलपत्र स्वीकृत भएको हो ।

प्रधानमन्त्री केपी ओलीले आफूले पदभार ग्रहणपछि तीन सय दिनभित्र त्रिवि मैदानको स्तरोन्नति निर्देशन दिएका थिए । यो मैदान पहिला त्रिभुवन विश्वविद्यालय मातहत नै थियो । कानुनी अड्चनबीच काम नहुँदा सरकारले नै सहरी विकास मन्त्रालयलाई जिम्मेवारी दिएर काम बढाएको हो ।

नेपालले आईसिसी पुरुष विश्वकप लिग-२ मा चार वर्षको मान्यता पाएपछि सरकारको ध्यान त्रिवि मैदानमा पुगेको थियो ।

# सात प्रदेशमा सात धावकको म्याराथन्स च्यालेन्ज हुने

**काठमाडौं (प्रस)–** ७७७ नेपाल म्याराथन्स च्यालेन्ज फागुन पहिलो सातादेखि सुरु हुने भएको छ । नेपाल एथलेटिक्स परिवारको प्राविधिक सहयोग र बेलायतमा रहेको नेपाल रन युकेको आयोजनामा म्याराथन हुन लागेको अध्यक्ष राजन खत्रीले जनाए ।

नेपालमा खेल पर्यटन प्रवर्द्धन गर्न जुम्लास्थित चन्दननाथ नगरपालिका ५ मा हाइ अल्टिच्युड ट्रेनिङ क्याप भवन निर्माण गर्ने उद्देश्यसहित म्याराथन गर्न लागिएको हो । फागुन ३ बाट ९ गतेसम्म सञ्चालन हुने छ । नेपालमा सात म्याराथन, सात प्रदेश र सात दिनसम्म च्यालेन्ज चल्ने खत्रीले जानकारी दिए ।

फागुन ३ गते पोखरा, ४ गते



बुटवल, ५ गते धनगढी, ६ गते सुर्खेत, ७ गते हेटौंडा, ८ गते जनकपुर र ९ गते धरानमा उक्त म्याराथन सञ्चालन हुनेछन् ।

४२ किमी १९५ मिटरको म्याराथनमा सात धावकहरू सन्तोष राई, रुदिन भुटिया, पृथ्वी खड्का, पाण्डव महतो, सफल लामा, अर्जुन कुलुङ्ग राई र विक्रम खनालले सहभागिता जनाउनेछन् । हाफ म्याराथनमा ७ धावकहरू होमा पुन बेलायतबाट, सुभाष भुजेल मकाउबाट र नेपालबाट फरिना, दीपककुमार रञ्जित, रमेश शाक्य, राकेश महर्जन, दीपकबहादुर तामाङले भाग लिनेछन् । हरेक प्रदेशहरूमा स्थानीय खेलाडीहरूको पनि सहभागिता रहने आयोजकले जनाएको छ ।

# एनएसएलको अक्सन फागुन १० गते

■ प्रभाव संवाददाता

**काठमाडौं–** तेस्रो संस्करणको नेपाल सुपर लिग (एनएसल) को अक्सन आगामी फागुन दोस्रो साता हुने भएको छ । आयोजक नेपाल स्पोर्ट्स एन्ड इभेन्ट्स म्यानेजमेन्ट (एनएसइएम)ले बिहीबार अक्सन फागुन १० गते शनिबार हुने जानकारी दिएको हो । यसपल्टको अक्सनमा सात टोलीले मात्रै सहभागिता जनाउने छन् ।

वीरगंज युनाइटेड एफसी र स्पोर्टिङ इलाम डे मेची एफसीले भने नाम फिर्ता लिएको आयोजकले जनाएको छ । त्यसैले साबिक विजेता ललितपुर सिटी एफसीसँगै झापा एफसी, एफसी चितवन, काठमाडौं रेजर्स एफसी, ललितपुर सिटी एफसी, पोखरा थन्डर्स एफसी, बुटवल लुम्बिनी एफसी र धनगढी एफसीलाई मात्रै अक्सनमा समेटिएको छ ।

एनएसइएमका अनुसार यस वर्षको अक्सनमा 'ए' र 'बी' क्याटोगोरीका खेलाडीलाई मात्रै समेटिने छ । 'सी' क्याटोगोरीका खेलाडीहरूका लागि भने पछि छुट्टै ड्राफ्ट कार्यक्रम आयोजना गरिनेछ जनाइएको छ ।

प्रत्येक टोलीमा कम्तीमा २२ र बढीमा २३ खेलाडी रहनेछन् । एक टोलीले 'ए' क्याटोगोरीबाट कम्तीमा तीन खेलाडी लिन पाउने छन् । त्यसमा कम्तीमा एक जना रिटेन्स गर्न पाउने छ । 'बी' बाट ६, 'सी' बाट




चार र 'डी' क्याटोगोरीबाट एक खेलाडी लिन पाइने एनएसइएमले जनाएको छ । हरेक टोलीले एक रुकी (नव आगन्तुक खेलाडी) राख्न पर्नेछ । यस्तै, ६ विदेशी तथा आइकोनिक खेलाडी राख्न पाइने छ । तर, कम्तीमा एक खेलाडी एसियाबाट हुनुपर्नेछ । यसपल्ट गैरआवासीय नेपालीले पनि एसएसएल खेल्न पाउने छन् । तर, टोलीले ऐच्छिक रूपमा सहभागी गराउने सक्नेछन् ।

# वीरगञ्ज र स्पोर्टिङ इलामले एनएसएल नखेल्ने

**काठमाडौं (प्रस)–** वीरगंज युनाइटेड एफसी र स्पोर्टिङ इलाम डे मेची एफसीले तेस्रो संस्करणको नेपाल सुपर लिग (एनएसल) नखेल्ने भएका छन् ।

एनएसएलको अक्सन यही १० गते हुने तय छ । तर, आयोजक नेपाल स्पोर्ट्स एन्ड इभेन्ट्स म्यानेजमेन्ट (एनएसइएम)ले अक्सनमा वीरगंज र इलामलाई भने समेटेको छैन ।

पहिलो संस्करणमा सात टोलीले सहभागिता जनाएका थिए । तर, दोस्रो संस्करणमा भने विराटनगर सिटी एफसीले आफ्नो नाम फिर्ता लिएको थियो ।

यद्यपि,एनएसइएमले इलाम, वीरगंज र झापा एफसीलाई थप्दै नौ टोली पुऱ्याएको थियो । पहिलो संस्करणमा यी तीन टोली प्लेअफ पुग्न असफल भएका थिए ।

यसपल्ट साबिक विजेता ललितपुर सिटी एफसीसँगै झापा एफसी, एफसी चितवन, काठमाडौं रेजर्स एफसी, ललितपुर सिटी एफसी, पोखरा थन्डर्स एफसी, बुटवल लुम्बिनी एफसी र धनगढी एफसीले सहभागिता जनाउने आयोजकले जनाएको छ । प्रतियोगिता आगामी चैतमा गर्ने तयारी गरिएको छ ।

# ट्रम्पको रिस टार्न खोज्दै मोदी



**वासिङ्टन–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार ह्वाइट हाउसमा भेट हुँदा डोनाल्ड ट्रम्पसँगको मित्रता पुनर्जीवित गर्न र भन्सार तथा आप्रवासनमा अमेरिकी राष्ट्रपतिको रिसबाट बच्न प्रयास गर्ने छन् । ह्वाइट हाउसका अनुसार मोदीले ट्रम्पसँग संयुक्त पत्रकार सम्मेलन पनि गर्ने छन् । सामाजिक सञ्जालको प्रभावशाली प्रयोगकर्ता तर पत्रकारहरूबाट विरलै प्रश्न लिने भारतीय नेताको यो दुर्लभ कदम हो ।

रिपब्लिकन सत्तामा फर्किएपछि ओभल अफिसको ढोकामा पुग्ने विदेशी नेताहरूको शृंखलामा पछिल्लो नेता मोदीले आफ्नो पहिलो कार्यकालमा ट्रम्पसँग राम्रो सम्बन्ध साझा गरेका थिए ।

प्रधानमन्त्रीले आफ्नो भ्रमणअघि नयाँदिल्लीले उच्च-स्तरीय मोटरसाइकलहरूमा शुल्क कटौती गर्दै द्रुत भन्सार छुट प्रस्ताव गरेका छन् । यो प्रतिष्ठित अमेरिकी निर्माता हार्ले-डेभिडसनका लागि फाइदाजनक छ। हार्ले-डेभिडसनको भारतमा सङ्घर्षले ट्रम्पलाई क्रोधित बनाएको छ ।

भारतले गत हप्ता ट्रम्पको आप्रवासन सुधारको एक हिस्साका रूपमा एक सयजना बन्दी बनाइएका आप्रवासीहरू बोकेको अमेरिकी सैन्य उडानलाई पनि स्वीकार गरेको छ र नयाँदिल्लीले अवैध आप्रवासनमाथि आफ्नै 'कडा कारबाही' गर्ने वचन दिएको छ । भारतका शीर्ष करियर कूटनीतिज्ञ विक्रम मिश्रीले गत हप्ता नेताहरूबीच 'धेरै नजिकको सम्बन्ध' रहेको बताए । यद्यपि उनीहरूको सम्बन्धले लामो समयदेखि खोजिएको द्विपक्षीय व्यापार सम्झौतामा सफलता ल्याउन सकेको छैन ।

नोभेम्बरको चुनावी जितपछि 'असल मित्र' ट्रम्पलाई बधाई दिने मोदी पहिलोमध्येका एक थिए । लगभग तीन दशकदेखि दुवै दलका अमेरिकी राष्ट्रपतिहरूले बढ्दो चीनविरुद्ध स्वाभाविक साझेदारका रूपमा भारतसँग सम्बन्ध निर्माण गर्न प्राथमिकता दिएका छन्।

तर ट्रम्पले विगतमा आफ्नो नयाँ कार्यकालको सबैभन्दा ठूलो विदेश नीति व्यापारलाई लिएर पनि भारतविरुद्ध आक्रोश व्यक्त गरेका छन् र विश्वको पाँचौं ठूलो अर्थतन्त्रलाई 'सबैभन्दा ठूलो कर दुरूपयोगकर्ता' भनेका छन् । ट्रम्पले आफ्नो फिर्तीपछि साथी र शत्रुहरूविरुद्ध शुल्कलाई अप्रत्यासितरूपमा हतियार बनाएका छन् ।

## ट्रम्पको रिस

'मोदीले यसका लागि तयारी गर्नुभएको छ र उहाँ ट्रम्पको रिसलाई रोक्न खोज्दै हुनुहुन्छ,' ट्रम्पको पहिलो कार्यकालमा दक्षिण एसियाका राष्ट्रिय सुरक्षा परिषद् निर्देशक लिसा कर्टिसले भने ।

यसैबीच भारतीय प्रधानमन्त्रीको हिन्दू-राष्ट्रवादी सरकारले ट्रम्पलाई कागजातविहीन आप्रवासीहरूलाई निर्वासन गर्नेजस्तो अर्को शीर्ष प्राथमिकतामा बाध्य पारेको छ । सार्वजनिक ध्यान ल्याटिन अमेरिकी आगमनमा केन्द्रित भएको बेला मेक्सिको र एल साल्भाडोरपछि भारत संयुक्त राज्य अमेरिकामा कागजात नभएका आप्रवासीहरूको तेस्रो स्रोत हो ।

अमेरिकी विमानमा आप्रवासीहरूलाई पूरै यात्राभर साङलाले बाँधेर फिर्ता ल्याइएपछि भारतीय कार्यकर्ताहरूले गत हप्ता ट्रम्पको पुतला जलाएका थिए भने विपक्षले मोदीलाई कमजोरीको आरोप लगाएको थियो । ट्रम्पको पुनरागमनपछि इजरायल र जापानका प्रधानमन्त्री र जोर्डनका राजापछि अमेरिका भ्रमण गर्ने मोदी चौथो विश्व नेता हुन् ।

मोदीले आफ्नो पहिलो कार्यकालमा दृढतापूर्वक ट्रम्पलाई खुसी पारेका थिए । सन् २०२० फेब्रुअरीमा मोदीले ट्रम्पलाई आफ्नो गृहराज्य गुजरातमा विश्वको सबैभन्दा ठूलो क्रिकेट स्टेडियमको उद्घाटन गर्न एक लाखभन्दा बढी मानिसको हर्षोल्लासपूर्ण भीडसमक्ष आमन्त्रण गरेका थिए ।

ट्रम्पले यस वर्षको पछिल्लो समयमा अस्ट्रेलिया, भारत, जापान र संयुक्त राज्य अमेरिकाको चार पक्षीय समूह क्वाडको निर्धारित शिखर सम्मेलनका लागि भारत भ्रमण गर्ने सम्भावना छ ।

*रासस⁄एएफपी*


## सबैला नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

### भुल सुधार गरिएको सूचना

प्रकाशित मितिः २०८१/११/०२

यस कार्यालयको मिति २०८१/१०/२९ मा विधुतीय बोलपत्र आह्वान सम्बन्धित सूचनाको ठेक्का नं. SM/Works/SQ/05/081-082 (Construction of Culvert connecting Jarahiya and Main Road) को बोलपत्रको जमानत रकम रू. ५९०००/– हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सम्पूर्णलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी सम्पूर्ण जानकारी प्राप्त गर्न www.bolpatra.gov.np/egp र यस कार्यालयको पूर्वाधार विकास शाखाबाट जानकारी प्राप्त गर्न सकिन्छ ।


# उत्तर कोरियाले पारिवारिक पुनर्मिलन केन्द्र भत्काउँदै छ : सियोल

**सियोल–** उत्तर कोरियाले कोरियाली युद्ध र देशको विभाजनबाट छुट्टिएका परिवारहरूको भावुक पुनर्मिलनको आयोजना गर्ने ठाउँलाई भत्काउन थालेको सियोलले बिहीबार बताएको छ । उत्तर कोरियाको कुमगाङ पर्वतमा सन् २०१८ मा अन्तिम पटक भएको पुनर्मिलन कोरियाली प्रायद्वीपको विभाजनको विनाशकारी मानवीय मूल्यको प्रमाण थियो ।

तर यी भेटघाटहरू अन्तरकोरियाली राजनीतिको अधीनमा थिए र प्योङयाङद्वारा प्रायः वार्ताको साधनका रूपमा प्रयोग गरिन्थे ।

'माउन्ट कुमगाङ पुनर्मिलन केन्द्रको विध्वंस छुट्टिएका परिवारहरूको हार्दिक इच्छालाई कुल्चने अमानवीय कार्य हो,' सियोलको एकीकरण मन्त्रालयका प्रवक्ताले भने, 'दक्षिण कोरियाले यस्ता कार्यहरू तत्काल रोक्न कडा आग्रह गर्दछ र कडा खेद व्यक्त गर्दछ, उत्तर कोरियाको एकपक्षीय विध्वंस कुनै पनि बहाना अन्तर्गत उचित हुन सक्दैन र उत्तर कोरियाली अधिकारीहरूले यस अवस्थाको लागि पूर्ण जिम्मेवारी लिनुपर्छ ।'

सन् १९८८ देखि करिब एक लाख ३० हजार दक्षिण कोरियालीले आफूलाई 'छुट्टिएका परिवार' का रूपमा दर्ता गराएका छन् । सन् २०२५ सम्म आधिकारिक तथ्यांकअनुसार ती व्यक्तिहरू मध्ये करिब ३६ हजार जना अझै जीवित छन् ।

७५ प्रतिशतले आफ्ना आफन्तहरू जीवित छन् वा मृत छन् भन्ने थाहा नभएको बताएका छन् । केही भाग्यमानीलाई माउन्ट कुमगाङ रिसोर्टमा आयोजना गरिने सीमापार पुनर्मिलनमा भाग लिन छनोट गरिएको थियो ।

## जीवनभरका लागि बिछोड

उत्तर र दक्षिण कोरियाले पहिलो यस्तो पुनर्मिलन सन् १९८५ मा गरेका थिए, तर त्यस वर्षको पहिलो अन्तरकोरियाली शिखर सम्मेलनपछि सन् २००० मा मात्र तिनीहरू नियमित कार्यक्रम बने । पुनर्मिलनहरू परिवारहरू रुँदै पुनर्मिलन हुने र छोटो दिनको भेटघाट पछि बिछोड हुने भावनात्मक दृश्यहरूले चिनिन्थे ।

उत्तर कोरियाले गत वर्ष संयुक्त राष्ट्रसंघको प्रतिबन्धको उल्लंघन गर्दै ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेपछि दुई कोरियाबीचको सम्बन्ध अहिले सबैभन्दा तल्लो विन्दुमा पुगेको छ । उत्तर कोरियाली नेता किम जोङ उनले गत वर्ष सियोललाई आफ्नो 'प्रमुख शत्रु' घोषणा गर्नुभयो र आफ्नो सरकारको लामो समयदेखि रहेको पुनः एकीकरणको लक्ष्यलाई त्यागे ।

प्योङयाङले कार्यकर्ताहरूद्वारा उत्तरतर्फ पठाइएका प्योङयाङ-विरोधी प्रचार पत्रहरूको बदलामा भन्दै फोहोर बोकेका बेलुनहरू दक्षिणतर्फ पठाएको छ ।

पुनर्मिलन कार्यक्रम प्रभावकारी रूपमा रोकिइसकेको छ जसले गर्दा हजारौं छुट्टिएका परिवारलाई आफ्ना प्रियजनहरूलाई फेरि भेट्ने आशा क्रमशः कम हुँदै गएको छ । *रासस⁄एएफपी*


## युएइमा रोजगार
कम्पनी : AL MUSTADAM CLEANING AND MAINTENANCE L.L.C

पूर्व स्वीकृति मिति : २०८१/११/०१ | LT. No. 318849 | चलानी नं. ६०२३२९८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TILE LAYER. | 24 | 0 | 1200 | ४५,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ९ गते (21st Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Chinari Overseas Pvt. Ltd.
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com
Govt. License 1165/073/074



## युएइ/साउदीमा रोजगार
कम्पनी : Depa Interiors LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/३० | LT. No. 318735 | चलानी नं. ६०२३२९७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 50 | 0 | 1200 | ४५,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Factory Worker (Timber Industry) | 150 | 0 | 1000 | ३७,७४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः Tilottama Training Center, Butwal मा मितिः २०८१ फागुन १३ गते (25 Feb. 2025) मा हुनेछ । Contact: 9851045711,9845544901
Gajraj Training Center,Nepalgunj मा मितिः २०८१ फागुन १४ गते (26 Feb. 2025) मा हुनेछ । Contact: 9851045711,9845544901
Munal Training Center, Itahari मा मितिः २०८१ फागुन १५ गते (27 Feb. 2025) मा हुनेछ । Contact: 9851073258,9843277888
Octopus Training Center, Damak मा मितिः २०८१ फागुन १५ गते (27 Feb. 2025) मा हुनेछ । Contact: 9851073258,9843277888
PR Training Center, Janakpur मा मितिः २०८१ फागुन १६ गते (28 Feb. 2025) मा हुनेछ । Contact: 9851165532
New Ram Janaki Training Center, Janakpur मा मितिः २०८१ फागुन १६ गते (28 Feb. 2025) मा हुनेछ । Contact: 9851165532
Bidesh Training Center, Janakpur मा मितिः २०८१ फागुन १७ गते (1 Mar. 2025) मा हुनेछ । Contact: 9851165532
Ram Janaki Training Center, Janakpur मा मितिः २०८१ फागुन १७ गते (1 Mar. 2025) मा हुनेछ । Contact: 9851165532
संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १८ गते (2 Mar. 2025) मा हुनेछ ।

कम्पनी : Al Taybeen al Arab company for operation and maintenance

पूर्व स्वीकृति मिति : २०८१/१०/३० | LT. No. 318765 | चलानी नं. ६०२३२९७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 13 | 0 | 1000 | ३६,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,००० | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOTHERLAND OVERSEAS PVT. LTD.
Opposite to Basundhara Chowki, Kathmandu, Nepal, T: 01-496 1111,436 6318
Mob: 9802334888, Email:- cv@motherlandgroupnepal.com ,info@motherlandoverseas.com, Web: www.motherlandoverseas.com
Govt.Lic.No 339/059/60



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८१/११/०२

यस कम्पनीको मिति २०८१/०७/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **टि.डि.आर. बिजनेस हाउस प्रा.लि.**/T.D.R. Business House Pvt. Ltd को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **चार किल्ला नेपाल प्रा.लि.**/Char Killa Nepal Pvt. Ltd (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०९/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **चार किल्ला नेपाल प्रा.लि.**/Char Killa Nepal Pvt. Ltd (**प्रा.लि.नं.**२४४७३७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



## पर्यटन विकास आयोजना
### इकाई कार्यालय काठमाडौं

### क्याटलग सपिङ विधिबाट हलुका सवारी साधन खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशन मिति : २०८१/११/०२

यस कार्यालयको चालु आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको न्युनतम् सुविधा भएको एक वटा 4WD डबल क्याव पिक अप सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ 'ख' बमोजिम क्याटलग विधिबाट खरिद गर्नुपर्ने भएकोले सवारी साधनको उत्पादक वा आधिकारिक बिक्रेताहरुबाट खरिदको लागि उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित नियकायबाट प्राप्त भएको अनुमति पत्र, सो को अद्यावधिक नविकरण भएको पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ को कर चुक्ता परेको प्रमाणित कागजात, उक्त सवारी साधन सप्लाई गरेको विगतको विवरण, सम्बन्धित सवारी साधन सप्लाई गरेको प्रमाण, उत्पादनको आधिकारिक प्राविधक स्पेसिफिकेसन, मूल्य गुणस्तर तथा सुविधा सहितको विवरण (Catalogue or Brochure) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले सातौ दिन मिति २०८१।११।८ गते सम्म सोको प्रस्ताव यस कार्यालयमा कार्यालय समयभित्र दर्ता गराउनु हुन अनुरोध छ । उक्त प्रस्ताव सोही दिन कार्यालय समयपश्चात खोलिनेछ ।

तपसिल

| Minimum Requirement | Remark |
|---|---|
| Vehicle Type : Pick Up<br>Engine Type : Diesel, 4 WD, Double Cab<br>Displacement : Not less than 2000cc<br>Power : Not less than 140 BHP<br>Torque : Not less than 320nm<br>Ground clearance : Not less than 200mm<br>No of doors : 4<br>Seating Capacity : 1+4<br>Fuel Capacity : Not less than 80 Liters<br>ABS, Power steering, air bags, | |



## युएइमा रोजगार
कम्पनी : NEW SYSTEM ENGINEERING L L C

पूर्व स्वीकृति मिति : २०८१/०५/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/०१ | LT. No. 309446 | चलानी नं. ६०२२४११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 44 | 0 | 800 | ३०,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ९ गते (21th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,००० | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: 01 - 4959026, 01-4963094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np
Govt. License 1342/074/75



## साउदीमा रोजगार
कम्पनी : AL MUNIF COMPANY FOR TRADE, INDUSTRY, AGRICULTURE AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०४/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/०१ | LT. No. 307782 | चलानी नं.६०२२२५१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 10 | 0 | 1800 | ६६,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ९ गते (21th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,००० | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७



## घर बहालमा लिने सम्बन्धमा सूचना

यस बैंकलाई देहाय बमोजिमका स्थानहरुको मुख्य व्यापारिक तथा बजार क्षेत्रमा शाखा कार्यालय संचालनार्थ भुईतल्ला वा पहिलो तल्लामा १,००० वर्ग फुट भन्दा माथि क्षेत्रफल भएको भवन आवश्यक भएको हुनाले भवन भाडामा दिन ईच्छुक घरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र देहायका शर्तहरुको अधिनमा रहि आवश्यक विवरणहरु स्पष्ट खुलाई तल उल्लेखित ठेगानामा आफ्नो शिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | ठेगाना | जिल्ला |
|---|---|---|
| १ | मोरङ्ग, जहदा गाउँपालिका वडा नं. ४ | मोरङ्ग |

**शर्तहरु :**

१. प्रस्तावित भवनहरुमा कुनै किसिमको स्वामित्व सम्बन्धी विवाद नभएको हुनुपर्नेछ ।
२. प्रस्तावित भवनहरुमा पानी, बिजुली तथा पार्किङ्गको सुविधासहित कम्तीमा ६ मिटर चौडाईको मोटर बाटो हुनुपर्नेछ ।
३. प्रस्तावित भवनहरु पिलर सिस्टममा निर्माण भएको हुनुपर्नेछ । भुकम्प प्रतिरोधात्मक प्रविधिबाट निर्माण भएको भवनलाई प्राथमिकता दिईनेछ ।
४. प्रस्तावित भवनहरु सडक विस्तार योजनामा नपरेको हुनुपर्नेछ ।
५. भवनको भुई तल्लामा ए.टि.एम. तथा जेनेरेटर राख्नको लागि स्थान उपलब्ध गराउनु पर्नेछ ।
६. भवन कम्तिमा १० (दश) बर्षको लागि उपलब्ध गराउनु पर्नेछ ।
७. बैंकले घरभाडा भुक्तानी गर्दा प्रचलित कानून अनुसार सम्पूर्ण कर कट्टि गर्नेछ ।

**शिलबन्दी प्रस्तावमा खुलाउनु पर्ने विवरणहरु :**

१. घरधनीको निवेदन, सम्पर्क व्यक्तिको नाम, ठेगाना, नागरिकताको प्रतिलिपी र सम्पर्क नम्बर ।
२. भाडामा दिने प्रस्तावित रहेको स्थानको पूर्ण विवरण, जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी, भवन निर्मित जग्गाको चार किल्ला, भवनको स्वीकृत नक्सा, निर्माण सम्पन्न भएको प्रमाणपत्र र भवनको फोटो ।
३. प्रस्तावित भवनको मासिक भाडा रकम (कर सहित) प्रस्ताव गर्नुपर्नेछ ।
४. यदि प्रस्तावित भवन कम्पनी वा फर्मको नाममा दर्ता कायम रहको भएमा शिलबन्दी बोलपत्रमा माथि क्र.सं. १ देखि ३ मा उल्लेखित कागजातहरु सहित थप निम्न लिखित कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ :
   १) कम्पनी/फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
   २) आयकर दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
   ३) कम्पनीको प्रबन्ध पत्र तथा नियमावली ।
   ४) भवन भाडामा दिने सम्बन्धी संचालक समितिको निर्णयको प्रतिलिपि ।
५. शिलबन्दी बोलपत्र खामबन्दी सहित खाम बाहिर **"भवन भाडामा दिने सम्बन्धी शिलबन्दी बोलपत्र प्रस्ताव"** प्रष्ट रुपमा लेखि मिति २०८१ फागुन ०८ गते दिनको ३:३० बजे भित्र बैंकको केन्द्रिय कार्यालय, प्रशासन शाखामा आई पुग्ने गरी बुझाउनु पर्नेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

कुनै पनि प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकसँग निहित रहनेछ । साथै अस्वीकृत कुनै पनि प्रस्तावमा कारण दिन बैंक बाध्य हुने छैन ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
केन्द्रीय कार्यालय लजिम्पाट



## सुन्दरहरैंचा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बिराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृती आशयको सूचना

(सूचना प्रकाशन मितिः २०८१/११/०२)

यस कार्यालयको मिति २०८१/१०/१४ गते दोस्रो पटक सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रदाताका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याकिंत सारभूतरुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीको लागि छनौट गरीने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजानार्थ सम्बन्धित सबैको जानकरीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| बोलपत्रको विवरण | स्वीकृतका लागि छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर र पिएस समेत) |
|---|---|---|
| SHM/MOR/TMPP/NCB/W/20/2081/082 Blacktop Road Construction Works of Pragati tole, Bhola Dahal ko ghar bata uttar Prem shrestha ko ghar samma, Sundarharaicha-01 | अर्थ मेकर एण्ड ट्रेडिङ प्रा.लि., सुन्दरहरैंचा ०९ मोरङ | रू. २८८८९०४.९४ (रू अठ्ठाइस लाख अठासी हजार नौसय चार रुपैया चौरानब्बे पैसा मात्र) |



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६९८०० | प्रति तोला – ० | प्रति तोला – १९६५ |



**आन्तरिक पर्यटक** | काठमाडौंको वसन्तपुर डबलीमा बेच्न राखिएको क्यूरियो सामान हेर्दै आन्तरिक पर्यटक र पृष्ठ भूमिमा नौ तल्ले दरबारसहित अन्य सम्पदा । *तस्बिर: रत्न श्रेष्ठ/रासस*

प्रधानमन्त्री ओली-कृषिमन्त्री छलफल

# रासायनिक मल अभाव हुन नदिइने

■ प्रभाव संवाददाता

**काठमाडौं –** प्रधानमन्त्री केपी शर्मा ओलीलाई कृषि तथा पशुपन्छि विकास मन्त्री रामनाथ अधिकारीले मन्त्रालयले सम्पादन गरिरहेका विभिन्न कामका प्रगति एवं समस्याका बारेमा जानकारी गराएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार भएको बैठकमा मन्त्री अधिकारीले रासायतिक मलको मौज्दात, कृषि लगानी दसक (२०८१-२०९१), राष्ट्रिय कृषि नीति र कृषि विधेयक, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, नेपाल कृषि अनुसन्धान परिषद्को पुनःसंरचना, मासु निर्यातका लागि भैंसी पाडापालन कार्यक्रम, उखु किसानको अनुदान र सहुलियत कृषि कर्जालगायत विषयमा प्रधानमन्त्रीलाई जानकारी गराएका थिए ।

बैठकमा प्रधानमन्त्री ओलीले रासायनिक मल आपूर्ति र वितरणलाई छिटोछरितो र पारदर्शी बनाउँदै किसानलाई सँधै समस्या हुने अवस्था अन्त्य गर्न निर्देशन दिएका थिए । प्रधानमन्त्री ओलीले कुनै देशलाई नभई नेपाली जनतालाई खुसी पार्ने गरी स्वदेशमै मल उद्योग स्थापनाको तयारी र प्राङ्गारिक मलको प्रयोगमा पनि प्राथमिकता दिने नीति ल्याउन आग्रह गरे । उनले रासायनिक मलका लागि समयमै बोलपत्र गर्न, तराईमा १० दिन, पहाडमा १५ दिनभन्दा बढी समय नलगाइ वितरण गरिसक्न पनि आग्रह गरे ।

मन्त्रालयका अनुसार वार्षिक पाँच लाख ५० हजार मेट्रिकटन मलका लागि रु २७ अर्ब ९५ करोड रकम विनियोजन गरिएको छ । हालसम्म दुई लाख ४० हजार मेट्रिकटन मल आयात भएको छ भने गत वर्षको मौज्जादसमेत गरी दुई लाख ६३ हजार मेट्रिकटन बिक्री भइसकेको छ ।

यस्तै हाल ३० हजार मेट्रिकटन युरिया मल आयात हुने क्रममा रहेको छ । अन्तर्राष्ट्रिय बजारमा युरिया मलको मूल्य बढ्दै गएकाले आयातकर्तासँग सम्झौता भइसकेको मल आपूर्ति हुन समस्या हुने र 'ग्लोबल टेण्डर'का लागि ४५ दिनसम्मको अवधि दिनुपर्ने कानुनी व्यवस्थाले समस्या हुने गरेको मन्त्रालयले बैठकमा प्रधानमन्त्रीलाई अवगत गराएको छ । प्रधानमन्त्री ओलीले कृषिको आधुनिकीकरण गर्दै उत्पादकत्व बढाउने खालको कृषि नीति बनाउन र विद्यमानरूपमा अनावश्यक भएका संरचनाहरू थप गरी स्रोत साधनको उपयोगिता बढाउन आग्रह गरे । यस्तै बैठकमा आगामी २०८१ चैत २६ र २७ गते काठमाडौंमा हुने बहुक्षेत्रीय प्राविधिक र आर्थिक सहकार्यका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) कृषिमन्त्रीस्तरीय बैठकको तयारी भव्यरूपमा गर्न छलफल भएको छ । प्रधानमन्त्री ओलीले यस्ता मञ्चमा सहभागिता प्रभावकारी र वस्तुगत बनाउन तथा नेपालको समृद्धिको अपेक्षा पूरा गर्ने योजनामा सहयोग पुग्ने गरी प्रस्तुत हुन निर्देशन दिए ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, मुख्यसचिव एकनारायण अर्याल, कृषि मन्त्रालयका सचिवद्वय डा गोविन्द शर्मा र डा राजेन्द्रप्रसाद मिश्रसमेत बैठकमा सहभागी थिए । प्रधानमन्त्री ओलीले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट प्रधानमन्त्रीको नाम हटाउन पनि बैठकमा स्मरण गराए ।

# डाँडाखेत 'सवस्टेसन' निर्माण अन्तिम चरणमा

■ प्रभाव संवाददाता

**म्याग्दी–** म्याग्दीको मालिका गाउँपालिका-७ बिमको डाडाखेतमा विद्युत सवस्टेशन निर्माणको काम अन्तिम चरणमा पुगेको छ। नेपाल विद्युत प्राधिकरणद्वारा सञ्चालित डाडाखेत-राहुघाट प्रशारण लाइन आयोजना मार्फत सवस्टेशनको पूर्वाधार निर्माणको काम सकेर उपकरण जडान थालिएको हो । म्याग्दी नदी र सहायक खोलाहरूमा निर्माणाधिन जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युतलाई केन्द्रिय ग्रिडमा जोड्ने उद्देश्यले डाडाखेतमा सवस्टेशन निर्माण गरिएको हो ।

आयोजना प्रमुख रोशन अग्रवालले ८५ प्रतिशत भौतिक प्रगति भएको डाँडाखेत सवस्टेशनको काम आगामी तीन महिनाभित्र सम्पन्न गर्ने लक्ष्य रहेको बताए । पूर्वाधार निर्माण सकेर उपकरण जडान थालिएको उनले बताए । ५१ रोपनी क्षेत्रफलमा निर्माण भएको डाडाखेत सवस्टेशनमा १३२/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रबिधिको उपकरण जडान गर्न थालिएको छ ।

डाँडाखेत देखि रघुगङ्ग गाउँपालिका-३ राहुघाटको अम्वाङ जोड्ने २५ किलोमिटर १३२ केभी क्षमताको प्रशारण लाइन र दुवै ठाँउमा सवस्टेशन निर्माणका लागि सन २०२१ को डिसेम्वर ३१ मा २६ मिलियन अमेरिकी डलरमा ठेक्का सम्झौता भएको थियो । गत जुलाई १६ मा सकिएको ठेक्का सम्झौताको म्याद आगामी २०२५ को नोभेम्बर १६ सम्म थप भएको छ ।

'समग्रमा ६० प्रतिशत भौतिक प्रगति भएको छ,' आयोजना प्रमुख अग्रवालले भने, 'राहुघाटमा कमजोर भूवनोट र विपद्को जोखिम, वन क्षेत्रमा टावर निर्माणका लागि अनुमति पाउन भएको ढिलाई र केही टावर निर्माण स्थलमा समुदायको बिवादका कारणले आयोजना निर्माण अवधी लम्वीएको हो ।' एशियाली विकास बैंकको ऋणमा सवस्टेशन र प्रशारण लाइन निर्माण आयोजना सञ्चालन भएको हो ।

# नर्सरी व्यवसायबाट मासिक ४० हजार बचत

■ प्रभाव संवाददाता

**कैलाली–** धनगढी उपमहा नगरपालिका -३ बोराडाँडीका सुरेश विश्वकर्माले नर्सरी व्यवसायबाट मासिक रु ४० हजार बचत गर्दै आएका छन् । जीविकोपार्जनका लागि विदेश नै जानुपर्छ भन्नेमा विपरीत मान्यता राख्ने उनले 'कान्तिपुर नर्सरी' सञ्चालन गरी व्यावसायिक उत्पदान गरिरहेका हुन् ।

धनगढी-८ बुद्धचोक बसोबास गर्दै आएका विश्वकर्माले काठमाडौंको बिरुवासम्बन्धी काम गर्ने वायोप्लान्टिक प्राइभेट लिमिटेड कम्पनीमा लामो समय रोजगार जागिर गरी बिरुवासम्बन्धी कामको अनुभव लिएका थिए । अनुभवपछि उनले गाउँ फर्किएर नर्सरी व्यवसाय सुरु गरेका हुन् ।

विश्वकर्माले वार्षिक रु एक लाख ५० हजार तिर्नेगरी चार कट्टा जमिन भाडामा लिई व्यवसाय गर्दै आएका छन् । विगत १३ वर्षदेखि नर्सरी व्यवसायसम्बन्धी कामको अनुभव लिनुभएकामा पछिल्लो पाँच वर्षदेखि धनगढीको बोराडाँडीमा रु ५० लाख लगानी व्यवसाय सञ्चालन गरेको उनले बताए ।

मासिक रु ४० हजार बचत हुँदै आएको विश्वकर्माले जानकारी दिए । छ जना परिवारको सम्पूर्ण खर्च, छोराछोरीको शिक्षामा खर्च पनि यही आम्दानीबाट हुने गरेको उहाँले बताए । तीन जनालाई रोजगारी समेत दिएको बताउँदै उनले तलबबापत मासिक रु ३६ हजार खर्च लाग्ने उल्लेख गरे ।

'अन्य भन्दा यो व्यवसायमा जोखिम बढी पनि छ । कहिलेकाही प्रतिकूल वातावरणका कारण बिरुवामा विभिन्न सङ्क्रमण देखा परी बिरुवा बिग्रने, कुहिने, रोग लाग्ने पनि गर्दछ, जसले गर्दा घाटा पनि व्यवहोर्नुपर्ने हुन्छ', उनले भने, 'व्यवसायमा कहिले घाटा, कहिले नाफा हुन्छ । धैर्यताका साथ मेहनत गर्न छाड्नु हुँदैन । यही व्यवसायले सन्तुष्ट दिएको छ, अहिलेसम्म पैसाका लागि कसैसँग माग्नु परेको छैन ।'

नेपालको झापा, विराटनगर, इटहरी र कञ्चनपुरलगायत स्थानबाट विभिन्न जातिका फलफूल, सो-प्यान्टसहित विभिन्न बिरुवा आयात गरेर बिक्री गर्दै आएको विश्वकर्माले जानकारी दिए । केही बिरुवा भने नर्सरीमा आफैं उत्पादन गरेर पनि बिक्री गर्ने गरेको उनको भनाइ छ । नर्सरीमा हाल विभिन्न जातका फलफूल, सो-प्यान्टलगायत बिरुवा उपलब्ध छन् ।






प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ